साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक २ २०८१ साउन ८ गते मंगलबार (July 23, 2024) मूल्य रू. १०/-

## नागरिकतामा कुनै बिबाद छैन



जंगी अड्डाले स्पष्ट पाऱ्यो- रथी अशोकराज सिग्देलको नागरिकतामा विवाद छैन ।

जंगी अड्डामा पत्रकार सम्मेलनका क्रममा सेनाका प्रवक्ता सहायक रथी गौरवकुमार केसीले रथी सिग्देलको उमेर सम्बन्धमा कुनै विवाद नरहेको स्पष्ट पार्दै भनेका छन्- 'पछिल्ला दिनमा सिग्देलको नागरिकता विवादलाई लिएर विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशित भएका छन्, जागिर खाँदा बुझाएको नागरिकता लगायतको प्रतिलिपि भिडाउँदा कुनै विवाद देखिएन ।' त्यतिबेला रथी सिग्देलले रूपन्देहीबाट २०४० साउन २९ गते लिएको नागरिकता पनि देखाइएको थियो । अब बिबादको छिनोफानो भएको छ ।

## सिक्किम घाती टिस्टामा तैरिएछन्



सिक्किम, आरसी पौडेल ७ तारिख नातेदार भेट्न जान्छु भएर गए, फर्केनन् । उनको शव १६ तारिख टिस्टा नदीमा तैरिएको अवस्थामा फेला परेछन् । राष्ट्रघातीको मरण कति दयनीय हुन्छ भन्ने दृष्टान्त लेण्डुपपछि पौडेल बन्नपुगे ।

नेपाली टोपी नछाड्ने उनको शव टोपीकै आधारमा चिनिएको थियो । १९७३ को प्रजातान्त्रिक सिक्किमका सकृय नेता पौडेल १९६५ मा राज्यारोहण गरेका चोग्याल पाल्देन थोनडुप नामग्यालको बिरोधमा थिए, जसलाई भारतले राम्रोसँग नचायो । तत्कालीन भारतकी प्रधानमन्त्री इन्दिरा गान्धीले सैनिक हस्तक्षेप गराइन्, चुनावको नाटक पनि नचाइन् र अन्ततः १९७५ मा सिक्किमलाई भारतमा मिलाइदिइन् । स्मरणीय छ, १९७४ को चुनावमा सिक्किम कांग्रेसले ३२ मा ३१ सिट जितेको थियो, १ सिटमा आरसी पौडेलले जितेका थिए । त्यसपछि उनलाई सभामुख बनाइएको थियो । भारतको हस्तक्षेले देश पराधीन भयो, सिक्किमी सुनाखरी मुर्झायो । जनता एकोहोरिए, अगुवा एकोहोरो भइदिए, राजा हटाइदिए । देश सकियो ।

जनयुद्ध र जनआन्दोलन मिसाएर त्यही भारतले नेपाली नेता र जनता एकोहोराएर लोकतन्त्र ल्याइदियो, राजतन्त्र र हिन्दुराष्ट्रसमेत समाप्त पारिदियो । सिक्किम भारतमा बिलायो, नेपालको अस्तित्वमाथि भारतले धावा बोलिरहेको छ । चेतना छ जनतामा, नेता पनि चेतनशील छन् तर दासका पनि दासजस्ता लाग्छन् । लोकतन्त्रवादी भनिने नेतृत्व र बिबेकहीन भएका बुद्धिजीवीहरू आरसी, लेण्डुपभन्दा भिन्न छैनन् ।

# हाम्रा नेताले गौरव कहिले गर्ने ?



भारतले नेपालका सीमा मिच्यो, कालापानी, लिपुलेक, लिम्पियाधुरा नै खाइसक्यो, नेपाली नेताहरू भारतसँग सुमधुर सम्बन्ध छ भन्छन् । प्रचण्डले भारतसँगको सम्बन्ध असाधारण भनेका थिए, ओलीले पनि दोहोराएका छन् ।

भारतीय नेतालाई भैया बनाएकी कांग्रेस सभापति पत्नी तथा पश्चिमा विश्वासपात्र भनेर चर्चित नेतृ डा.आरजु देउवाले सीमा समस्या वार्ताद्वारा समाधान गरिन्छ भनिन्, भारतले वार्ता होइन, सबैभन्दा पहिला प्रम र परराष्ट्रमन्त्रीलाई बधाई दियो, भारतीय राजदूतले मित्रवत भेटवार्ता गरे ।

यसपछि आयो अमेरिका र चीनको शुभकामना । शुभकामना ढिलाचाँडो जहिले आओस्, यसपल्टको सरकारको बनोटमा उत्तर, दक्षिण, पश्चिमाको ठूलो भूमिका देखिदैन । संविधानमा गुमेको चुच्चे नक्साको भूभाग नेपालले पाउँछ कि पाउन्न, सार्क सम्मेलन हुन्छ कि हुन्न, भूटानी शरणार्थी काण्ड के हुन्छ, रूस र युक्रेनमा लड्न पुगेका युवा फर्कन्छन् कि फर्कदैनन्, प्रम र परराष्ट्रमन्त्री मौन छन् । १६ वर्षमा १४ सरकार भनेर विश्वमै अराजक, अस्थिर भनेर नेपाल बद्नाम भइरहेकै छ । नेपाल कन्ट्री अफ मर्सिनरीको नामले पनि बदनाम छ । न हटेकाले माफी मागे, न सिंहदरवार छिरेकाले राष्ट्रिय मुद्दामा बोलेका छन् ।

नेपाल विवेकहीन, दण्डहीन बनेको छ, नेपालको भविष्य अन्धकार छ, हरेक देशभक्त चिन्तित छन् । यो सरकार त बन्यो, यसको भविष्यमा लोकतन्त्र, राष्ट्रियताको भविष्यमात्र होइन, इतिहास र भूगोलको भविष्य पनि दाउमा परेको अनुभूति गरेका छन् बुझकीहरूले । केही वर्षमै नेपालको संविधान, संवैधानिक निकायहरू, अन्तर्राष्ट्रिय विश्वास र भरोसासमेतको अवमूल्यन भएको सन्दर्भमा बदनामीबाट सम्मान आर्जन गर्नसक्ने नीति कार्यक्रम छिटो देखिनुपर्छ ।

प्रजातन्त्र र कम्युनिष्ट नाम भए पनि ठूला दुई सिद्धान्त र नीतिगत असंगति भएका पार्टी मिलेर सरकार बनेको छ । यिनले पनि शंकालु बैदेशिक नजर र अविश्वासलाई आश्वस्त पार्दै विश्वासयुक्त बनाउन सकेनन् भने नेपालको वर्तमान र भविष्य अझ संकटग्रस्त हुनेछ ।

भूराजनीतिमा पसेका विश्वशक्ति र फसेको नेपालले विवेक र ल्हाकत देखाउन सक्यो भने दुबै हातमा लड्डु पाउनेछ । चुक्यो भने घर अझ भाँडिन्छ, नेपालको ढोकैमा भएको फल गुम्नेछ ।

कूटनीति र राजनीतिका ज्ञाताहरू स्पष्ट खाका र एकतासहितको रणनीतिक प्रयासले मात्रै नेपाललाई भूराजनीतिक अनिश्चितताको समुद्रबाट उद्धार गर्न र समृद्धिको संसारमा पुऱ्याउन सक्छ ।

बाँकी ठूला पार्टीहरूकै हातमा छ ।

## जंगलबाट सत्ता, सत्ताबाट सडक



९ वर्षपछि प्रचण्ड सत्ताबाट सडकमा पुगेका छन् । पछिल्लोपल्ट कांग्रेसका सभापति पतिपत्नी ३ घण्टा असार १७ गते ओलि निवासमा बसेर फर्केपछि प्रचण्डको सत्ता ढलेको थियो । उनले असार २८ गते विश्वासको मत माग्दा संसदले उनलाई विश्वास दिएन । उनको पक्षमा माओवादीका ३२, रास्वपाका २१ र नेकपा एसका १० गरी जम्मा ६३ सांसदको मात्र मत पाए । विपक्षमा १९४ सांसदको मत पऱ्यो । प्रचण्डले विश्वासको मत लिनुको मुख्य उद्देश्य ओलीलाई रोक्नु र कांग्रेसको पोल्टामा सत्ता पुऱ्याउनु थियो, तर कांग्रेसका सभापतिले ओलीलाई नै समर्थन गरेर राष्ट्रपति गुहारेका थिए ।

म उथलपुथल गरिरहन्छु भन्ने प्रचण्डलाई ओलीले मात दिएका छन् । प्रचण्डले पनि सँगै स्वर्ग वा नरक जाने वाचा गरेर धोका दिएको आरोप लगाएका छन् । पाखामा पछारिएपछि प्रचण्डलाई स्वर्ग नरकको सम्झना आएको देखियो ।

प्रचण्डले दुई खेल सुरू गरेका छन्, पहिलो समाजवादी मोर्चा ब्यूँताएर पुराना साथीहरूलाई एकढिक्का पार्ने । अर्को अदालतबाट ओलीको सत्ता ढालिदिने । तर बाबुराम नै आक्रामक भइरहेका छन्, एक्लो विप्लवले केही हुनेवाला देखिदैन । कानुनविदहरूका अनुसार पनि यो गठबन्धनबिपरित फैसला नआउन सक्छ ।

अब सत्ताको खेल सकिएको र संसदमा विपक्षी बन्नु परेपछि प्रचण्डको दैनिकी खुमलटार निवासमै कार्यकर्ता, नेता भेटेर दिन बिताइरहेका छन् । विश्लेषकहरू भन्छन्- अब माओवादीको राजनीतिको ओह्रालो यात्रा सुरू भएको छ ।

९ वर्षपछि सडकमा पुग्दा सर्वहाराका लागि के गरियो जस्तो लाग्यो होला ?

## अवस्था बदलिन्छ त ?



प्रधानमन्त्री केपी ओलीको पहिलो कथन- अवस्था सन्तोषजनक छैन बदल्नुपर्छ ।

०४६ सालदेखि बिग्रेको, ०६३ सालदेखि भत्केको, ०७४ र ०७९ को आमनिर्वाचनले पनि बदल्न नसकसेको, १६ वर्षमा १४ सरकार भनेर विश्वमै इज्जत गुमाएको नेपालको अवस्था दुई ठूला पार्टी मिलेको सरकारले बदल्न सक्ला त ?

देश र देशवासीलाई प्रताडना दिने यिनै हुन् । प्रताडना परास्त गर्छु भनेर प्रताडना थप्दै जाने नेतृत्व उही छ । फरक यत्ति छ, कहिले को को मिले, अहिले तिनैमध्येका दुई ठूला दल मिलेको सरकार छ । नियत बदलियो होला र ?

कुनै दिन हिटलर र मुसोलिनीको समाज बदल्ने इच्छाशक्ति बेजोडको थियो । पछि ग्यास चेम्बरमा मान्छे मार्ने र काट्ने यिनै नरपिचास बन्नपुगे । बहुदल आउँदा यिनै नेताको देश बनाउने हुटहुटी गजबको थियो, कालरात्रि देखाए । जनयुद्ध र जनआन्दोलनको मुद्दा पनि समानता र समृद्धि, देशभक्ति र स्वराज थियो, यिनका सबै चित्ताकर्षक नाराहरू, प्रतिबद्धताहरू तुहिदै गए, यिनीहरू घृणायोग्य बनेका छन् ।

किन ? सवालको जवाफ यिनै नेताको नियत, चरित्र, व्यवहारले दिन्छ । सुधिन्छ कि भन्दाभन्दै राष्ट्र भत्किदै गयो, भासिदै गयो । राष्ट्र उठाउँछु भन्नेहरू यिनै थिए, राष्ट्र लडाउँदै गए, असफल पार्दै लगे । हरेक पल, दिन, हप्ता, महिना, वर्ष राष्ट्रवाद मैन पग्लेसरि पग्लिरहेछ । शासन प्रशासन भ्रष्टाचारको कुण्ड बनिरहेछ ।

समय छ, लोकतन्त्र पनि छ, जनताको अन्तिम आशा पनि छ । यही समय हो, वीपी कोइराला प्रवाशबाट फर्केपछि जसरी उनको राष्ट्रवाद र प्रजातन्त्र उजिलेको थियो, त्यस्तो उज्यालो यिनै नेताहरूले ल्याउन सक्छन् । जिउँदै मर्ने कि मरेर पनि बाँचिरहने ? समयले हरेक नेताका सामु यक्ष प्रश्न खडा गरिदिएको छ ।

स्वयम प्रधानमन्त्रीले भनेका छन्- अवस्था सन्तोषजनक छैन, बदल्नुपर्छ । बदल्ने भाषण होइन, इच्छाशक्ति र व्यवहारमा देखिनुपर्छ, देखाउन सक्लान् ?

जनता सुतेका छन्, सधैं झुक्याउन सकिन्छ भनेर नसोचे हुन्छ । बाढी वा आँधी आएपछि सम्हालिन सकिन्न, पहिले नै सचेत हुनुपर्छ । जनता प्रताडित छन् कुशासनले । कुशासनलाई सुशासन बदल्न शासनको बागद्वार राजनीति नै स्वच्छ हुनुपर्छ । जनतामा बढ्दो निराशा र उदासिनतालाई चिर्न सक्नुपर्छ । लोकतन्त्रलाई जीवनपद्धति बनाउन सक्नुपर्छ । यसका लागि इच्छाशक्ति चाहिन्छ, जनताको अपेक्षा पूरा गर्ने दृढता र काबिलियत पनि चाहिन्छ ।

नेता तिनै थिए, तिनै छन् । ब्यवस्था बदलियो, अवस्था बदलिएन ।

इतिहासमा अमर हुने कि राजनीतिक कलङ्क बन्ने, अन्तिम मौका हो यो ।

## व्यवस्थामा मानव तस्करी धब्बा



संसदको उपसभामुख, संवैधानिक परिषदको सदस्य इन्दिरा रानाले अमेरिकी दूतावासमा भिसा दिलाइदिन लेखेको पत्रको बम ब्लास्ट भएको छ ।

संसद, सांसद, सरकार, राष्ट्रपति कोही पनि नैतिक आधारमा उभिएको देखिएन । कुनै न कुनै अनैतिकताले अनैतिकतार भ्रष्टाचारको कलङ्कमा नडामिएका त भेटिनै छाडे ।

यी उपसभामुख रास्वपाकी हुन् । सत्तासीन कांग्रेसले यिनको राजीनामा मागेर हंगामा खडा गरिदिएको छ । यिनले पत्र लेखेको स्वीकार गरे पनि अनैतिक काम नगरेको भनेकी छिन् । सत्य के हो भने पत्र लेख्नु नै अनैतिक काम हो । यिनीमाथि अब मानव तस्करी गर्न खोजेको आरोप समेत लागेको छ । जसले भिसा पाएनन्, तिनले लेनदेन भएको भनेर बिभिन्न ठाउँमा उजुरी समेत गरेका छन् । घटना 'गत वर्ष २०२३ को मार्च महिनाको भए पनि यसको डढेलो अहिले सल्किएको छ ।

यिनले करूणावस ५ जनाको सिफारिस गरेको, अन्तर्वाता मिति छिटो गरिदिन पत्र लेखेको तर डेढवर्षपछि बिबाद झिकिनु म माथि नियोजित कदम रहेको देखिन्छ भनेर आक्रोस पनि पोखेकी छिन् । तर कानुनविदहरू उनको यो हर्कत आपत्तिजनक, अराष्ट्रिय, अपराधी नै हो भनिरहेका छन् ।

## कस्ता महामन्त्री ?

संसदको बैठकमै अर्को निर्वाचनसम्म सत्तातिर हेर्दैनौं, जाँदैनौं भन्ने कांग्रेसका महामन्त्रीले सार्वजनिक रूपमा भनेका थिए- मलाई कांग्रेस एमाले गठबन्धन सरकार के कसरी सम्भव भयो, मन्त्री



को को कसरी बने भन्ने सम्बन्धमा केही थाहा नभएको बताएका छन् ।

यी कस्ता महामन्त्री हुन्, जसलाई पार्टी निर्णय केही थाहै छैन । त्यसो भए महामन्त्रीमा किन बसिरहेका ? उपप्रधानमन्त्री नदिएकाले नगएको र स्वास्थ्यमन्त्री बनाएँ भनेर फूर्ती किन लगाएको होला ? यस्ता महामन्त्री आगामी पार्टी सभापति बन्छु भन्छन् । आश्चर्य ।

## नेताहरूलाई प्रेरणा कीर्तिनिधि विष्ट




नेपाल प्रज्ञा प्रतिष्ठान, मदन पुरस्कार अथवा कुनै पनि संस्थाभन्दा भिन्न र स्वच्छ देखिएको नइ प्रकाशनले ***देशभक्त राजनेता : कीर्तिनिधि विष्ट*** नामक ग्रन्थ प्रकाशन गरेको छ ।

पूर्व प्रधानन्याधीश अनुपराज शर्मा, शिक्षाविद प्रा.डा.सुरेशराज शर्मा, महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी, वक्ता प्रा.केशव सुवेदी र उपस्थित नारी तथा सज्जनवृन्द हरूप्रति हामी अनुगृहीत छौं । ***'देशभक्त राजनेता कीर्तिनिधि विष्ट'*** नामक ग्रन्थको समालोचना प्रा.केशव सुवेदीले गर्नुभएको थियो ।

नइ प्रकाशनका कुलपति श्रीमती इन्दिरा प्रसाईको सभापतित्वमा सञ्चालित उक्त समारोहमा सदस्यसचिव नरेन्द्रराज प्रसाईले ग्रन्थका बारेमा मन्तव्य प्रकट गर्नुभएको थियो । यो ग्रन्थमा पूर्वप्रधानमन्त्री विष्टको राष्ट्रिय राजनीतिक योगदानको चित्र प्रस्तुत गरिएको छ । ***देशभक्त राजनेता : कीर्तिनिधि विष्ट*** ग्रन्थमा प्रधानमन्त्री केपी शर्मा वली, पूर्वप्रधानमन्त्रीद्वय लोकेन्द्रबहादुर चन्द र माधवकुमार नेपाल, राष्ट्रकवि माधव घिमिरे, शताब्दी पुरूष सत्यमोहन जोशी, सीपी मैनाली, पशुपतिशमशेर राणा, नवराज सुवेदी, अर्जुननरसिंह केसी, कमल थापा, डा.भेषबहादुर थापा, भद्रकुमारी घले, कृष्णप्रसाद भण्डारी, लोकमानसिंह कार्कीसमेत ६९ जना स्वनामधन्य व्यक्तिहरूका विचार समेटिएका छन् ।

## पहाडी सौन्दर्यकी रानी इलाम



इलाम । प्रकृतिको सौन्दर्यकी खानी, पहाडकी रानी भनेर चर्चित छ । पर्यटन क्षेत्रका लागि अत्यन्तै आकर्षक गन्तव्य स्थलको रूपमा विकास गर्न सकिने र विकसित हुँदै आइरहेको इलाम जिल्लाको गहनाको रूपमा रहेको एउटा प्रमुख पर्यटकीय स्थल हो- माइपोखरी । हिन्दू र बुद्ध धर्मावलम्बीहरूका लागि अत्यन्तै आस्थाको केन्द्रको रूपमा मानिँदै र पुजिँदै आइएको माइपोखरी इलाम जिल्लाको सदरमुकामबाट करिब १५ किलोमिटर उत्तरतिर ६,९०० फिटको उचाइमा अवस्थित छ । करिब १ किलोमिटर क्षेत्रफलमा फैलिएको माइपोखारी सन् २००८ को अक्टोबरमा विश्व सिमसार क्षेत्रको रूपमा समेत सूचीकृत भइसकेको छ । यति महत्वपूर्ण इलाम जिल्लामा पर्यटन प्रवर्द्धन गर्नुपर्ने जति हुनसकेको छैन । राज्यको दृष्टि कहिले जाला ?

## के हो हरिशयनी एकादशी ?

अनिता धिताल-

हरिले शयन गर्ने दिनलाई चतुर्मासाको एकादशी पनि भनिन्छ। यो आजबाट प्रारम्भ भएको छ। आषाढ शुक्ल पक्षको हरिशयनी एकादशी महान् पुण्यमय, स्वर्ग एवम् मोक्षदायिनी, सबैको पाप नाश गरिदिने उत्तम व्रतका रूपमा मानिन्छ । यस दिन कमल पुष्पले कमलनयन भगवान् विष्णुको पूजा गरी जसले व्रत लिन्छ उसले तीनै लोक ब्रह्मा, विष्णु, महेश सनातन देवताको पूजा गरेको फल प्राप्त गर्दछ।

हरिशयनी एकादशीको दिन हरिको एक रूप मानिएको छ। एक रूप राजा बलिकोमा रहन्छन् भन्ने हाम्रो जनविश्वास रहेको छ । अर्को रूप क्षीर सागरमा शेषनागको शैयामा शयन गर्दछन् र कार्तिक शुक्ल पक्षको ठूलो एकादशीका दिनमा जागा हुन्छन् । हरिशयनी एकादशीको व्रत अनुष्ठान गर्नेले परमगति प्राप्त गर्दछ। शङ्ख, चक्र, गदाधारी भगवान् विष्णुको भक्तिपूर्वक पूजा गरी राति जागरण गर्नुपर्दछ । द्वादशीका दिनमा "ॐ नमस्ते वामनाय नमः" मन्त्र १०८ पटक जप गरी दूबो र घिउले आहुति दिनुपर्दछ । पराँसको पातमा भोजन गरी भूमिमा शयन गर्नाले सम्पूर्ण पाप कल्मषहरू नाश हुन्छन् भनेर व्याख्या गरिएको छ ।

आज तुलसी रोप्ने दिन रहेको छ र आजबाट ४ महिनासम्म चतुर्मासा रहन्छ। असार शुक्ल एकादशीका दिनदेखि हरि भगवान् ४ महिनासम्म क्षीर सागरमा शयन गर्नुहुन्छ त्यसैले यसलाई हरिशयनी एकादशी भनिएको हो। यस दिनदेखि शयन गरेका हरि भगवान् कार्तिक शुक्ल एकादशीका दिन कोल्टे फेर्नुहुन्छ र त्यस दिनलाई हरि परिवर्तिनी एकादशी पनि भनिन्छ। भगवान विष्णु सुतेपछि सारा जगत् सुत्दछ र उनी जागेपछि सारा जगत् जाग्दछ भन्ने मान्यता छ। विष्णु जागा हुने दिनलाई हरिबोधिनी एकादशी भनिन्छ र यो कार्तिक शुक्ल एकादशीका दिनमा पर्दछ। हरिशयनी एकादशीमा रोपेको तुलसीको विवाह हरिबोधिनी एकादशीका दिनमा सम्पन्न गरिन्छ। यसो गर्दा सहस्र कन्यादान गरेसरह पुण्य मिल्दछ भन्ने विश्वास रहेको छ। जसरी शैव धर्ममा बेल पत्रको महत्त्व छ, त्यसै गरी वैष्णव धर्ममा तुलसीको महत्त्व रहेको छ। जुन घरमा तुलसी रोपेको छ वा तुलसीको काठको सङ्ग्रह छ भने त्यस घरमा कलियुगको पाप लाग्दैन भन्ने जनविश्वास रहेको छ । हरिशयनीको दिनलाई चतुर्मासा एकादशी पनि भनिन्छ । ४ महिनासम्म भगवान् विष्णु यस लोकमा रहनुहुने भएकोले घर-घरमा हामीले छोडेको कार्बन डाइअक्साइड तुलसीले लिएर हामीलाई अक्सिजन दिनुहुन्छ भन्ने विज्ञानले पनि प्रमाणित गरेको छ ।

# ओलीले पाएको विश्वासको मत र जनअपेक्षा



**डा. केशव देवकोटा**

नेपाललाई ठूलो भूराजनीतिक द्वन्दमा फसाउने षडयन्त्र भैरहेकै बेला नेपाली कांग्रेसको समर्थन र एमालेका अध्यक्षको नेतृत्वमा नयाँ सरकार गठन भएको छ । जसले गत आइतबार संसदबाट दुई तिहाई बिश्वासको मत पनि प्राप्त गरिसकेको छ । त्यसैले यो नेकां र एमालेको गठबन्धन कुनै अकल्पनीय राजनीतिक दुर्घटना नभएमा ०८४ को निर्वाचनसम्म नै टिक्ने कुरामा द्विमतगर्ने ठाउँ छैन । ०७२ को संविधानको धारा ७६ को उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६ को उपधारा (४) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेमा उहाँले सातदिन पनि नबित्दै लिनुभएको छ । प्रमुख प्रतिपक्षमा पुगेको माओवादी केन्द्रले संविधानको धारा ७६ को (३) अनुसारको सरकार हुनुपर्ने जिरह पेशगरेकाले पनि प्रधानमन्त्रि ओलीलाई सातदिन भित्रै बिश्वासको मत लिने हतारो परेको हुनसक्छ । गत आइतबारको घटनाले माओवादी केन्द्रको जिरहलाई अर्थहीन साबित गरेको छ । संसदका प्रमुख दुईदल कांग्रेस र एमाले मिलेर नयाँ सरकार गठन भएका कारण प्रधानमन्त्री ओलीलाई सामान्य बहुमतका लागि कुनै समस्या थिएन । तर पनि उहाँले तत्काल विश्वासको मत लिएर आफूलाई सुरक्षित बनाउने काम गर्नुभएको देखिन्छ । गत असार १७ गते नेकां र एमाले मिल्दानै स्पष्ट बहुमत पुगिसकेको अवस्था थियो । हाल सरकारमा कांग्रेस, एमाले, जसपा र लोसपा सहभागी छन् । कूल २७५ सदस्यीय प्रतिनिधि सभाको दुईतिहाइ बहुमतका लागि १८४ सांसदको समर्थन चाहिन्थ्यो । सरकारमा रहेका दलहरू कांग्रेस, एमाले, जसपा र लोसपाका सांसदको संख्या जोड्दा १७७ पुग्थ्यो । २६६ मतमात्र रहेको अवस्थामा ओलीले १८८ मत प्राप्त गर्नुभएको छ । विपक्षमा ७४ मतमात्र परेको छ । नेमकिपाका एकजना सांसद तटस्थ रहे । राष्ट्रिय जनमोर्चाले प्रम ओलीको बिपक्षमा मतदान गरेर पनि कार्य सफलताका लागि शुभकामना दिएको थियो । एमालेका अध्यक्षसमेत रहनुभएका ओली नेपाली कांग्रेसको सहयोगमा गत असार ३० गते प्रधानमन्त्री पदमा नियुक्त हुनुभएको थियो । उहाँले त्यसको भोलिपल्टै ३१ गते पदभार ग्रहण गर्नुभएको थियो । विश्वासको मतको प्रस्तावका पक्षमा नेपाली कांग्रेस, एमालेलगायतका सांसदको मत परेको थियो । विपक्षमा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, एकीकृत समाजवादी पार्टीलगायतको मत परेको थियो । प्रतिनिधि सभामा कांग्रेसका ८८, एमालेका ७८, माओवादी केन्द्रका ३२, रास्वपा २१, राप्रपाका १४, एकीकृत समाजवादीका १०, जसपाका सात, जसपा नेपालका पाँच, जनमतका छ, लोसपाका चार, नाउपाका चार, नेमकिपाका एक, राष्ट्रिय जनमोर्चाका एक, आम जनता पार्टीका एक र स्वतन्त्र दुई सांसद रहेका छन् । जसलेगर्दा बर्तमान प्रधानमन्त्रि ओलीले सहजै दुईतिहाई मत प्राप्त गर्नुभएको हो । करिब १० वर्षपछि संसदका प्रमुख दल कांग्रेस र एमाले संयुक्त सरकार निर्माण गरेका छन् । त्यसैले पनि यो सरकारको चर्चा यसअघिका अन्य सरकारहरूको भन्दा बढी रहेको छ ।

नेकां र एमालेले जतिवेला देशमा संकट उत्पन्न हुन्छ, त्यतिबेला आफूहरू एक ठाउँमा आउँछौंभन्ने मानक स्थापितगर्न खोजेको देखिएको छ । आजभन्दा १० वर्ष पहिले पनि ०७२ को संविधान जारीगर्ने उद्देश्यकसाथ उनीहरूले बलियो सरकार निर्माण गरेका थिए । त्यतिबेला नेकां र एमालेजस्ता ठूला पार्टीहरू नमिलेको भए संविधान घोषणा हुने संभावना कम थियो । त्यसपछि ०७२ मै भएको पहिलो र ०७७ मा भएको दोश्रो संविधान संशोधनमा पनि नेकां र एमाले एकजुट भएको देखिएको थियो । पहिलो संशोधन ०७२ को संविधान घोषणा भएको चारमहिना भित्रै गरिएको थियो । जसका बिषबस्तु रहस्यपूर्ण थिए । तर त्यतिबेलाका सबै दलले जस्तो प्रस्ताव आएको थियो, त्यस्तै पारित गरिदिएका थिए । त्यसैगरी दोश्रो संशोधनमा नेपालको चुच्चे नक्शा पारित भएको थियो । जसका लागि संसदमा आम सहमति जुटेको थियो । चुच्चे नक्शा नेपालको निशान छापमासमेत समाबेश गरिएपनि त्यसपछिका सरकारहरूले उक्त नक्शामा परेको लिपुलेक र लिम्पियाधुरा लगायतको भूभाग हालसम्म पनि उपभोगगर्ने प्रयाससम्म पनि गरिरहेका छैनन् । पहिलो र दोश्रो पटकको संशोधनका बीचमा पनि पटक, पटक संविधान संशोधनगर्ने प्रयास भएका थिए । त्यतिबेला तराई केन्द्रित दलहरूले भनेअनुसार संविधान संशोधन गर्न/गराउन नेकां र माओवादी केन्द्र तयार रहेपनि एमालेले नमानेका कारण संशोधन हुनसकेको थिएन । त्यसरी एमालेका कारण आफूहरूले भनेअनुसार संविधान संशोधन हुननसकेपछि तराई केन्द्रित दलहरूले एमालेसँग गोकर्णमा छुट्टै बैठक गरेका थिए । तर सो बैठकमा पनि एमाले संविधान संशोधन गर्न/गराउन राजी नभएपछि माओवादी केन्द्रले एमालेसँग पार्टी एकताको बहाना गरेर सो पार्टीलाई बिभाजन गराउने प्रयास गरेको थियो । सोही प्रयोजनका लागि ०७५ जेठ तीनगते माओवादी केन्द्र र एमालेकाबीचमा पार्टी एकता भएर नेपाल कम्युनिष्ट पार्टी(नेकपा) गठन गरिएको थियो । सो पार्टी गठन भएपछि एकातिर माओवादी केन्द्रका अध्यक्षको नेतृत्वमा चरम गुटबन्दी भएको थियोभने अर्कातिर केपी ओलीको अग्रसरतामा ०७७ मा चुच्चे नक्शा जारी गरिएपछि ०७७ को फागुन २३ गते एमाले र माओवादी केन्द्र फेरी अलग भएका थिए । हाल फेरी संविधान संशोधनको कुरा जोड तोडले उठाइएको छ । त्यसैका लागि नेकां र एमालेका बीचमा कार्यगत एकता गरेर सरकारसमेत गठन गरिएको छ । ०७२ को संविधान निर्माण गर्न करिव सातबर्षको समय लगाइएको थियो । त्यसक्रममा राष्ट्रको ढुकुटीबाट ३० अर्बभन्दा बढी खर्च भएको थियो । तर संविधान घोषणागर्दा नै अधुरो र अपुरो रहेको भनिएको थियो । ०७२ को संविधानमा उल्लेख गरिएका संघीयता, जातीय समाबेशी, समानुपातिक निर्वाचन पद्धति र धर्म निरपेक्षता सबै भारत र पश्चिमा राष्ट्रबाट प्रायोजित कुराहरू हुन् । जसको मूल उद्देश्य नेपाललाई बिभाजन गराउनु रहेको छ । देशमा संघीय शासन लागू गराइएपछि आर्थिक, सामाजिक र राजनीतिक अस्तब्यस्तताहरू बढेर गएका छन् । नेपालमा बढेको राजनीतिक अस्थिरताका कारण छिमेकी चीन र भारतमासमेत सुरक्षा चुनौतीको अवस्था खडाभएको छ । त्यसैले उनीहरूको दबाव पनि संविधान संशोधन गरेर राजनीतिक स्थायित्व कायम गराउनेमा केन्द्रित रहेको देखिन्छ । तर माओवादी केन्द्रलगायतका दलहरूले पहिलो त संविधान संशोधनको बिरोध गरेका छन्भने दोश्रो यदि संशोधनगर्ने नै होभने कार्यकारी राष्ट्रपति हुनुपर्नेभन्दै अमेरिकाकोजस्तो राजनीतिक ब्यवस्था स्थापना गराउने प्रयास थालेका छन् । जसमा देशलाई दुई दलीय राजनीतिमा लाने प्रयास पनि रहेको छ । हाल देशमा यहाँको संविधान र राजनीतिक ब्यवस्थालाई लिएर बिभिन्न मागहरू अगाडि आएका छन् । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले ०७२ को संविधान सम्पूर्णरूपमा खारेजगर्ने माग गर्दै देशमा जनगणतन्त्र सहितको जन संविधान निर्माण गरिनुपर्छ भनेको छ ।

त्यसैगरी राजावादीहरूले ०७२ को संविधान असफल भएकाले ०४७ कै संविधानलाई ब्युँताउनुपर्ने माग गरेका छन् । त्योभनेको नेपालमा फेरी संवैधानिक राजतन्त्र हुनुपर्छ भन्ने हो । तराई केन्द्रित दलहरूले तराईलाई पूर्ण स्वायतता दिनुपर्छभन्ने माग अगाडि सारेका छन् । जसका लागि यसअघि नै एक मधेश प्रदेशलगायतका कुराहरू अगाडि आएका थिए । माओवादी केन्द्रको जातीय राज्यका कुराहरू पनि कायमै रहेका छन् । त्यसैले हालको अवस्थामा ०७२ को संविधान 'प्यान्डोराको बाकस' भनेजस्तो भएको छ । यस्तो अवस्थामा बर्तमान सरकारले सहजै संविधान संशोधन गराउन सक्ने कुनैपनि संभावना छैन । यो संविधानका प्रावधानहरू यस्ता रहेका छन्कि तिनै प्रावधानहरूले यो संविधानलाई खाने अवस्था छ । त्यसैले नेकां र एमालेको गठबन्धन सरकारले ०८४ को निर्वाचन यता संविधान संशोधनको कुरामात्र उठाउनु पनि कलहको प्रमुख कारण हुन्छ । आजको अवस्थामा देशमा सुशासन र आर्थिक अनुशासन स्थापना गराउने तिरमात्र लाग्नु राम्रो हुने देखिएको छ । विगत १० वर्षको अवधीमा देशमा निकै उथलपुथलहरू भएका छन् । माओवादी केन्द्रका अध्यक्ष दाहालले त आफू नमरेसम्म देशमा उथलपुथल गरिरहने सार्बजनिक घोषणानै गरिसक्नु भएको छ । ०७२ को संविधानको निर्माणले देशमा राजनीतिक स्थिरता कायम हुननसक्ने अब प्राय: स्पष्ट भैसकेको छ ।

राजनीतिक स्थिरता कायम नहुने होभने आर्थिक समृद्धि पनि हुँदैन । देशको ऋण झण्डै २५ खर्ब पुग्नलागेको छ । आर्थिक अनियमितता कति बढेको छभन्ने कुरा महालेखाको प्रतिवेदन र अख्तियारले थालेको कारवाहीबाट स्पष्ट भएको छ । ०७२ को संविधान निर्माणपछि देशमा बढेको राजनीतिक अस्थिरता, आर्थिक संकट र निराशा सबैका सामु रहेका छन् । ०७२ पछि बनेका कुनैपनि सरकार अढाई वर्षभन्दा बढी टिक्न सकेका छैनन् । प्रदेश सरकारहरूको अवस्थाको बयानगर्नका लागि अलग्गै अध्यायको आवश्यकता छ । स्थानीय सरकारहरू पनि अस्तब्यस्त बन्दैगएका छन् । कतिपयले त आर्थिक बर्ष शुरूभैसक्दा पनि बजेटसमेत बनाउन सकेका छैनन् । केन्द्र, प्रदेश र स्थानीय तहका बीचमा समन्वय हुन सकेको छैन । पछिल्लो १० बर्षको अवधिमा न्यायालय, सुरक्षा निकाय, संसद, संवैधानिक निकाय सबै अस्तब्यस्त बन्दैगएको देखिएको छ । यो सबैको श्रोत भनेको ०६३ को राजनीतिक परिवर्तन र ०७२ को संविधान भएको कुरामा बिवादगर्ने ठाउँ छैन । त्यसैले नेकां र एमालेको सरकारले देशमा राजनीतिक स्थायित्व कसरी कायम गराउने भन्नेतिरमात्र ध्यान केन्द्रित गर्नुपर्ने अवस्था छ । संविधान संशोधनगर्ने नै होभने सबैभन्दा पहिले संघीय शासनको अन्त्य गरिएको हुनुपर्छ । संघीयताको अन्त्य बिना संविधान संशोधनको कुनै अर्थ छैन ।

## युवा उद्यमी मञ्च ललितपुरको अध्यक्षमा नितु श्रेष्ठ

युवा उद्यमी मञ्च ललितपुरको अध्यक्षमा नितु श्रेष्ठ नियुक्त भएकी छिन् ।

नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गतको युवा उद्यमी मञ्च, ललितपुर च्याप्टरको अध्यक्षमा फेसन डिजाइन र होटल व्यवसायमा ख्याति कमाएकी नितु श्रेष्ठ नियुक्त भएकी छिन् । मञ्चको तेस्रो वार्षिक साधारणसभाका अवसरमा साविक नेतृत्वले उनलाई अध्यक्ष नियुक्त गरेको हो । मञ्चको प्रथम उपाध्यक्षमा एल्भिस रन्जित र द्वितीय उपाध्यक्षमा अनुकुल श्रेष्ठ नियुक्त भएका छन् । मञ्चको विधानअनुसार प्रमुख कार्यसम्पादन सूचकांक (केपीआई)का आधारमा साविकका अध्यक्ष, प्रथम उपाध्यक्ष र द्वितीय उपाध्यक्ष संलग्न नेतृत्वले आगामी नेतृत्व र कार्यसमिति सदस्य नियुक्त गर्छ । अवधि एक वर्ष हुन्छ । च्याप्टरको कार्यसमिति सदस्यमा प्रकिरण श्रेष्ठ, शिखर पाण्डे, निरज अग्रवाल, जश श्रेष्ठ, पलस जोशी, अशांक समशेर जंगबहादुर राणा र निशान ढकाल नियुक्त भएका छन् । नयाँ कार्यसमितिमा निवर्तमान अध्यक्ष सुबिन श्रेष्ठ पदेन सदस्यका रूपमा रहन्छन् ।

नवनियुक्त अध्यक्ष श्रेष्ठले स्टार्टअप उद्यमीलाई व्यावसायिक स्रोत र संरक्षण प्रदान गर्ने इन्क्युबेसन कार्यक्रम सञ्चालन गर्ने, उद्यमीलाई अन्तर्राष्ट्रिय संस्था र सरकारी निकायमार्फत अवसरहरूसँग जोड्ने र सदस्य लक्षित नेतृत्व विकास तालिमलाई निरन्तरता दिने बताइन् । महिला उद्यमीलाई स्रोत, संरक्षण र प्लेटफर्ममार्फत विशेष जोड दिने पनि उनले प्रतिबद्धता व्यक्त गरिन् । त्यसैगरी विभिन्न उद्योगमा संलग्न सदस्यलाई एकै ठाउँमा ल्याउने र फरक व्यावसायिक क्षेत्रबीच सहकार्य र प्रोत्साहन गर्ने उनको योजना छ । एल्भिस रन्जितले स्वागत मन्तव्य र सहारा जोशीले बधाई दिएकी थिइन् ।



# मुक्तकका प्रयासहरू– अभावको कालो बादल चिर्न नसक्नेले



थाहा हुँदाहुँदै भिरालो झरिन्छ कहिलेकाही
पश्चातापको भुमरीमा परिन्छ कहिलेकाही
मान्न हुन्न अनौठो यस्तै हो जीवनको यात्रा
समेटिएको जिन्दगी छरिन्छ कहिलेकाही ।

**- गंगा दहाल**



जब जीवन उजाडिन्छ तब रित्तो कुवाझैं हुन्छ
खेल्दा परिस्थितिहरूसंग हारेको जुवाझैं हुन्छ
आत्मसात त गर्नैपर्छ नियतिले जस्तो दिएपनि
हो तैपनि पाक्छ मन तापैतापमा धुवाँझैं हुन्छ ।

**- दुर्गाकिरण तिवारी**



नेताहरूको सुल्टो बानी कहिले आउला ?
बिकासको कुराकानी कहिले आउला ?
न आउनु पर्ने रक्सी समेत पुगिसक्यो,
हाम्रो गाउँमा खानेपानी कहिले आउला ?

**- पारस भट्ट प्यासी**



माथिबाट पहिरो खस्दै मोटर बाटो भास्सियो रे
अघि बढ्नु ठुलो खोलो पुल छैन, नास्सियो रे
हजारौं छन् यस्तै यस्तै मर्ने बाच्ने ठेगान छैन
तलबाट बाढी आयो, गाउँ बस्ती मास्सियो रे ।

**- गुरूदत्त ज्ञवाली**



बन्यो गाउँ के ठान्नु गाडी पसेर
लियो ज्यान सर्वत्र बाढी पसेर
बनी रोगले ग्रस्त मर्ने न बाँच्ने
युवा देश फर्किन्छ खाडी पसेर ।

**- उत्तम विचार**



केही गरी म मरेँ भने एक थोपा आँसु नझार्नुहोला
स्वर्ग जान लागेको मान्छेलाई नर्कमा नपार्नुहोला
जिँउदो छँदा मेरो मायाँलाई तिरस्कार गरिरह्यौ
त्यसैले बिर्सेर पनि एक छाक नुन बार्दै नबार्नुहोला

**- इन्दिरा रेग्मी**



तानिएर, तन्किएर कहीँ पुगिँदैन
फुर्किएर, फन्किएर कहीँ पुगिँदैन
घडाभरि मिल्छ जल पनि आखिर
गङ्गासँग रन्किएर कहीँ पुगिँदैन ।

**- विष्णुप्रसाद आचार्य अतृप्त**



भविष्यमा घट्ने घटना देख्न सहज भैदिए
बधाइ जस्तै समवेदना लेख्न सहज भैदिए
लेखिरहन्थेँ समवेदनाका अगणित शब्दहरू
समवेदनाले मृत्युलाइ छेक्न सहज भैदिए ।

**- पुष्पा केसी भण्डारी**



जनताको मन र मुटुमा छिर्न नसक्नेले
हिंजो उनले लाएको गुन तिर्न नसक्नेले
समृद्धिका खोक्रा भाषण किन खोकिरहनु
अभावको कालो बादल चिर्न नसक्नेले ।

**- अर्जुन अधिकारी**



नाडीभरि राताम्मे चुरा थिए बा बाँचीरहदा
हातभरि श्रमका ठेला थिए प्रेम साँचीरहदा
मेहेन्दी र हरिया चुरा कहाँ पाउन् आमाहरूले
आँखाभरि चटारो, भेल थिए, माया गाँसीरहदा ।

**- देवी काफ्ले**



तिमी बिना के सुहाउथ्यो निधारमा टिका
रङ्गिन यो संसार अचेल लाग्छ फिका फिका
के सम्झना आउथ्यो र रूवाएर जानेलाई त
यता यादमा बर्सेका छन सधै आसु ढिक ।

**- विष्णु भण्डारी**



भाग्यौ टाढा किन मदेखि बताउँदै बताएनौं
तिम्रो मनमै बस्न खोजेको मताउँदै मताएनौं
तिम्रो परपर हुने बानी विभ्न थाले अब त
म नजिक आउँदानि तिमीले सताउँदै सताएनौं ।

**- अम्बिका अधिकारी**

# छ्लाङ




**अरूणबहादुर खत्री–**

दिलीप ढकालको छलाङ नामक उपन्यास २०७९ सालमा प्रकाशित कृति हो । उपन्यासलाई सैतीस भागमा विभाजन गरिएको छ । यस उपन्यासको भाग एकमा स्याङ्जाको उत्तरपश्चिम कुनामा पसारिएको सुन्दर गाउँ प्रभातको रक्तनाता जोडिएको थलो थियो । माथि जङ्गलले भरिएको उच्च डाँडो त्यस डाँडाको फेदीमा छरिएको बाक्लो दलित वस्ती, त्यस वस्तीभन्दा आठदश कान्ला तल ब्राह्मणहरूका दशबाह्र घर । यिनै ब्राह्मण परिवारमध्येको एउटा घरमा जन्मे हुर्केको हो प्रभात ढकाल भनेर लेखिएको छ । भाग दुईमा बाको कुरा सुन्दा प्रभातले उत्तर दिने कुरै पाउँदैनथ्यो । उनका अधिकांश कुरा सत्य थिए । हुन पनि तिनीहरूको घरटोल, बाटोघाटो बाहुन टोलका भन्दा फरक नै हुन्थे । टोलको माझबाट एउटा बर्खे खोलो बग्थ्यो भनेर उपन्यासकारले लेखेका छन् ।

उपन्यासको भाग चारमा मानवी राजनीतिसित त्यति धेरै जोडिएको थिइन तर उसले माओवादी जनआन्दोलन र त्यस आन्दोलनका मुद्दालाई भने राम्रोसित बुझेकी थिई । उसकै कामीटोलका केही दाइदिदीहरू विद्रोही भएर द्वन्द्वमा लागेका थिए र तिनीहरूको निराशालाई पनि मानवीले बुझेकी नै थिई भनिएको छ ।

भाग सातमा त्यस्तो सुन्दर परिदृश्यलाई साक्षी राखेर मानवीले तीजमा आफ्नो गाउँको सरसफाई गरेको मिठो खबर प्रभातलाई सुनाई । खोलो पुरै सफा बनाएको, गाउँको बिचबिचमा तीनवटा सार्वजनिक ट्वाइलेट बनेका गाउँभरिको सबै बाटोमा ढुङ्गाका राम्रो खट्केरी छापेको गाउँको ढुङ्गेधारो मर्मत गरी राम्रो बनाएको, गाउँ छिर्ने दुबै मुखमा चौतारी बनाएको अनि गाउँभरि फलफुलका बेर्ना सारेको कुरा एकएक प्रभातलाई सुनाई भनेर लेखिएको छ ।

भाग दशमा गाउँमा दशैंको रौनक ह्वात्तै बढ्यो । दसैं के धनी, के गरिब, के बाहुन के दलित सबैले खाएर अनि रमाएर आफ्नो क्षमता प्रदर्शन गर्ने चाड हो भनेर लेखिएको छ । यस उपन्यासमा हाम्रो समाजमा रहेको विभेदको यथार्थलाई देखाइएको छ अनि समतामुलक एवम् समृद्ध देशको परिकल्पना गरिएको छ । समाजमा अछुत भनेर हेपिएकाहरूले कर्मका माध्यमबाट अहम् व्यक्ति बन्छु भन्ने मनोविज्ञान पालेको पनि उपन्यासमा उल्लेख छ ।




यस उपन्यासको भाग चौधमा ढोकामा दुईजना चलाख ठिटाहरू उभिएका थिए । उनीहरूले मानवीको परिचय मागे । मानवीले आफ्नो परिचय र त्यहाँ आउँनुको प्रयोजन बताई । त्यसपछि मानवीले भनेअनुसारको विवरण उनीहरूले भित्र बैठकमा पेस गरे । त्यसपछि ठिटाहरूले भनेअनुसार उसले आफ्नो मोबाइल फोन दर्ता गराई अनि त्यही छेउमा राखिएको एउटा झोलामा फोन छिराईदिई भनेर उपन्यासकारले लेखेका छन् । उपन्यासको भाग बिसमा विभेदका बिरूद्ध सक्रिय रूपमा मैदानमा खटिनुपर्दा मानवीले घरपरिवारका लागि समय दिन नपाएको उल्लेख छ ।

एक्काइसमा दलित समुदाय पनि उच्च जातीय दलित र निम्न जातीय दलित गरी जातीय उचनिचका आधारमा विभक्त थिए । उच्च जातीय दलित र निम्न जातीय दलितभित्रै हुने उचनिचको व्यवहारलाई हटाउनका लागि काम गर्न पार्टीले मानवी लगायतका साथीहरूलाई निर्देशन दिएको थियो भनेर दिलीपले लेखेका छन् । भाग छब्बिसमा मानवी इजरायल जाने निश्चित भयो । श्रम स्वीकृति, स्वास्थ्य जाँच, भिसा लगायतका सबै काम ठिकठाक भइसकेका थिए । अब म्यानपावर कम्पनीको निर्देशन अनुसार टिकट काटेर उड्ने काम मात्र बाँकी थियो । उसको मन विदेशतिरै एकोहोरिइसकेको थियो । अन्तरमनले पार्टीको इजरायल विभागमा सक्रिय हुन पाए हुन्थ्यो भन्ने सोचीराखेको थियो ।

अन्तिम भाग सैतीसमा क्रिश्चियन अनि मुस्लिम बन्न कोही चाहँदैनथ्यो, सबै जिसस अनि मोहम्मद बन्न चाहन्थे अर्थात् हिजोका मानव आज महामानव बन्ने यात्रामा थिए । यसरी देशले छलाङ मार्‍यो, मानवता, चेतना, समता, समृद्धि अनि विकासको वास्तविक दलाङ भनेर अन्त्य गरिएको छ ।

समग्रमा यो उपन्यास राम्रै छ । सबैभन्दा लेखकको मजबुत पक्ष भनेको एउटा विषयको घाटी अठ्याएपछि अन्त्यसम्म पनि घाटी नछोडी उपन्यासलाई टुङ्ग्याउनु हो । यो विशेषता थोरै मात्र साहित्यकारमा पाइन्छ । उपन्यासका शब्दहरू सरल, सहज र अत्यन्त व्यवहारिक भएकोले जुनसुकै हैसियतका पाठकले पनि बुझ्न सक्ने र पचाउन सक्ने खालका छन् । उपन्यासका सकारात्मक पात्रहरू जो उपन्यासमा समेटिएका छन् ती शुरूदेखि अन्तसम्म कौतुहलता जन्माउन सफल छन् । भाषा सरल र स्पष्टता शैली रोचक छ । रूद्रराज पाण्डेको रूपमतीको आदर्शउन्मुख औपन्यासिक चिन्तन-धारालाई पैसाको उडानले प्रष्टसंग पछ्याएको अनुभुत हुन्छ । अन्त्यमा उपन्यासकार दिलीप ढकालको कलमले समाजका अँध्यारा पक्षको अनुशीलन गर्दै नयाँ कृतिहरू जन्मन सकोस् भन्ने अपेक्षा राख्दछु ।

# सिर्जनामा दृष्टि : लोकार्पित

२०८१ साउन ५ । स्रष्टा खेमनाथ दाहालको नयाँ कृति 'सिर्जनामा दृष्टि' लोकार्पण गरिएको छ । राधेश्याम लेकालीको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि, बरिष्ठ इतिहासविद् प्रा.डा. सुरेन्द्र केसी, सर्जक महाकाव्यकार खेमनाथ दाहाल, विशिष्ठ अतिथि विशिष्ठ कलाकार मदनदास श्रेष्ठ, बरिष्ठ पत्रकार एवं साहित्यकार पुरूषोत्तम दाहाल, सामालोचक प्राडा कृष्णप्रसाद दाहाल, समिक्षक डा. यज्ञश्वर निरौला, गीतकार शोभित उप्रेती, प्रा.डा. गोविन्दमान सिंह कार्की, उषा दाहाल लगायतले लोकार्पण गर्नुभएको थियो ।

गीतकार एवं निर्देशक गणेश सुवेदीले सहजीकरण गर्नुभएको कार्यक्रमको प्रमुख अतिथि प्रा.डा. केसीले दीप प्रज्ज्वलन गरेर समुद्घाटन गर्नुभएको थियो । समारोहमा मिलाप प्रकाशनका अध्यक्ष कृष्ण भुसालले स्वागत मन्तव्य राख्नुभएको थियो । कृतिको समीक्षात्मक टिप्पणी गर्दै डा. निरौलाले स्रष्टा दाहालको मूल विधा काव्य भएपनि उहाँले अन्य क्षेत्रमा पनि त्यतिकै सशक्त रूपमा कलम चलाउदै आएको बताउनुभयो । उहाँले भन्नुभयो, 'स्रष्टा दाहालको मूल विधा काव्य हो तर उहाँले अन्य विधामा पनि कलम चलाउँदै आउनुभएको छ । त्यसैको पछिल्लो रूप सिर्जनामा दृष्टि हो' र 'नयाँ परिचय स्थापित भएको छ ।' उहाँले कृतिमा फरक विधाका १६ पुस्तकको भूमिका यसमा समावेश भएको बताउनुभयो ।

स्रष्टा दहालले कृति कसरी प्रकाशन भयो भन्ने बारेमा आफ्नो भनाइ राख्दै यसको प्रकाशनका लागि जनपक्ष प्रकाशन सिक्किम र यससँग जोडिएका सबैमा धन्यवाद दिनुभएको थियो । उहाँले साहित्य लेखनमा शब्दको शिल्पीले पूणतादिने बताउनुभयो ।

यस्तै, समालोचक प्रा.डा. कृष्णप्रसाद दाहालले स्रष्टा दाहालको 'स्वेतपत्र' महाकाव्यले एउटा उचाई प्राप्त गरेको बताउँदै पाठकले उहाँसँग त्यस्तै अन्य कृतिको अपेक्षा गरेको बताउनुभयो । उहाँले भन्नुभयो, 'स्रष्टा दाहालले नियात्रा, उपन्यास र कवितामा आफूलाई




प्रस्तुत गर्दै आउनुभएको छ । उहाँका सबै कृति सशक्त छन् । अझ मलाई मन परेको कृति 'स्वेतपत्र' महाकाव्य हो । यसको उचाइमा अन्य कृतिको पनि पाठकले अपेक्षा गरेका छन् ।' उहाँले 'सिर्जनामा दृष्टि'मा स्रष्टा दाहालले भूमिका लेखनमा कृतिलाई न्याय गरेको आफूले पाएको बताउनुभयो । समारोहमा बरिष्ठ समालोचक प्रमोद प्रधानले स्रष्टा दाहालको व्यक्तित्व र कृतित्वका बारेमा आफू परिचित रहेको बताउँदै उहाँको नियात्रा 'यात्राको सिकर्नीमा'मा आफूले समीक्षा लेखेको सम्झना गर्दै उहाँ चर्चामा आउन नचाहने साहित्यकार रहेको बताउनुभयो । प्रधानले भन्नुभयो 'म स्रष्टा दाहालको व्यक्तित्व र कृतित्व बाट परिचित छु ।

वरिष्ठ पत्रकार एवं साहित्यकार प्रा. पुरूषोत्तम दाहालले स्रष्टा दाहालसँग आफू सानो छँदादेखि नै परिचित भएको बताउनुभयो । प्रकाशक संस्था जनपक्ष प्रकाशनका प्रमुख पुण्यप्रसाद शर्मासँग आफ्नो बनारसमा भेटको सम्झना गर्दै प्रा. दाहालले नेपाली साहित्यको श्रीवृद्धिमा सिक्किम, दार्जिलिङको ठूलो योगदान रहँदै आएको बताउनुभयो । उहाँले लोकापर्ण भएको कृति 'सिर्जनामा दृष्टि'मा रहेका भूमिका मध्ये केही आफूले अध्ययन गरेको बताउँदै स्रष्टा दाहालको लेखनमा वेजोडको कलात्मकता रहेको आफूले पाएको जिकिर गर्नुभयो ।

विशिष्ठ कलाकार मदनदास श्रेष्ठले स्रष्टा दाहाललाई बधाई दिनुभएको थियो ।

प्रमुख अतिथि वरिष्ठ इतिहासविद् केसीले समसामयिक देशको परिस्थितिको चर्चा गर्दै देशमा देखिएका तमाम विकृतिलाई पनि सर्जकहरूले उजागर गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले विभिन्न समयमा तमाम घटनाक्रमको उदाहरण दिँदै सर्जकहरूले त्यसको खबरदारी गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'देशको राजनीतिक परिस्थिति राम्रो हुँदा मात्र सबैतिर राम्रो हुन्छ, कठिन परिस्थितिमा पनि सर्जकहरू निरन्तर आफ्ना सधानामा तल्लिन रहेका छन् तर राज्य निरीह छ । हामी सबैले आ-आफ्नो कत्वर्य पूरा गर्नुपर्छ । देशको मुख्य समस्या भनेको राइट म्यान राइट प्यालेस नहुँनु हो ।' समारोहका सभापति साहित्यकार राधेश्याम लेकालीले सर्जक दाहाललाई बधाई तथा धन्यवाद दिनुभएको थियो ।

३५६ पेजको 'सिर्जनमा दृष्टि'मा पुण्यप्रसाद शर्मा (सिक्किम)को 'विश्वका सर्वश्रेष्ठ कविताहरू', लेखनाथ पोखरेलका 'फकलीको गाउँ', मार्वल हाउसकी शालिनी र चिबे नकटो', विमला ढुंगना निरौला (अमेरिका)को 'यात्रामा देश', वसन्त श्रेष्ठ (अमेरिका)को 'अंगालो भरिको अनुभूति', डा. डीआर उपाध्यायको 'कसुर', मिलन शाह शंकरको 'कर्ना', जनक रावलको 'खाटा बसेको घाउ', मायादेवी गुरूङ (बेलायत)को 'ऐना', अनुशाह (अमेरिकाको) 'अनुराग', गोपाल भण्डारी (अमेरिका)को 'गोपाल भण्डारीका छन्द कविताहरू', गीता अधिकारीको 'मैले पढेका ५१ पुस्तक', लक्ष्मि श्रेष्ठ 'सगरमाथाको आर्तनाद', ईश्वरीप्रसाद भुसालको 'अर्पण' र राजु सिटौलाको 'जीवन मृत्यु' जस्ता १६ कृतिका भूमिका समावेश छन् ।

# राजकुमार राईको किवाहाङ




साब्लाबुङका सम्पादक तथा हङकङ साहित्यिक साझा शृंखलाको संरक्षक राज कुमार राईको उपन्यास **किवाहाङ** सार्वजनिक भएको छ । नेपाली जहाँ रहे पनि नेपाली नै हुन्छ, राजकुमार राईले त नेपाली वाङ्मयमा अनेक तरिकाले योगदान दिइरहनु भएको छ, यो उपन्यास लेखनले वाङ्मयमा थप योगदान गर्न सफल भएको छ । नागरिक भनेका राष्ट्र हुन्, राजकुमार राईले राष्ट्रको साहित्यको क्षेत्रमा, पुस्तकालयको क्षेत्रमा जुन काम गरिरहनु भएको छ, त्यो प्रशंसनीय छ । चेतना फैलाउने मुख्य उद्देश्य हो लेखकको । साहित्य प्रतिको उज्यालो चेतना सभ्य, बौद्धिक र साक्षर समाजको परिकल्पना जुन लेखक राईले गर्नुभएको छ, यस्तै सोच र कार्यले नेपाली जनजनमा चेतना भर्न सकिने कुरामा दुईमत छैन । स्रष्टा राजकुमार राईको पहिलो उपन्यास हो **किवाहाङ** । तर, यो उपन्यास धेरैले मन पराएका छन् ।

लेखन, प्रकाशन, पुस्तकालयमा सहयोग गर्दै अघि बढ्ने राजकुमार राईलाई बधाई ।




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# नेता भाँडिए, देश भत्कियो

नेता भाँडिदा देश भत्कियो । नेता नैतिकवान भएका भए यसप्रकारले देशको कहालीलाग्दो अवस्था हुने थिएन । नेता अझै पनि सुध्रिन्छन् कि भन्ने जनताको अपेक्षा छ तर नेताहरू अझै पनि कुनियतकै बन्दी बनेका छन् ।

नेता सत्तामुखी बने, शक्तिको रापतापमा खोज्ने भए । नेताहरू जिम्मेवारी भुलेर सूर्यमुखी बने, सूर्यमुखीहरू सत्ताबाहेक अरू केही देख्दै देख्दैनन् । स्वाभिमान लुटिदा वा लुटाउँदा हाँस्ने र स्वादको जिब्रो फड्कार्नेहरूलाई मिरजाफर भनिन्छ । देशको संसद, सत्ता र सडकमा तिनकै बोलवाला छ । त्यसैले राष्ट्रियता लावारिस बन्नपुग्यो । नेताहरूलाई बासमती चामलको बासी भात खुवाएर पटक पटक दिल्लीले नेपालको अपमान गर्ने गरेको छ । विवेक हुनेहरू आफूलाई सुधारिएको बाल्मिकी पथमा लगाउँछन् । यी जतिपटक ढुङ्ग्रोमा हाले पनि सिधा हुनेवाला छैनन् । बुद्धिजीवी र नेतृत्व बिदेशी स्वार्थको पोखरीमा डुबेर निथ्रूक्कै भिजिसक्यो, अझै चेत फिरेन ।

देशको स्थिति किन सुध्रिन सकेन, यसमा कहिल्यै दलहरूले निर्मम समीक्षा गर्ने आवश्यकता नै ठानेनन् । राष्ट्र भनेको पार्टी होइन । पार्टी राष्ट्रभित्रका संस्थामात्र हुन् । संस्था सफल हुनुपर्छ । राष्ट्रिय संस्कारको साँचोमा पार्टीहरू ढालिनुपर्छ । यहाँ त पार्टीको साँचोमा राष्ट्रलाई ढालिएको छ । राष्ट्रका हरेक सञ्जाललाई पार्टीकरण गरिएको छ । यहाँसम्म कि अदालतसमेत सर्वदलीय संस्थाजस्तो भनेर आरोपित हुनपुगेको छ । यो लोकतन्त्र होइन । यस्तो अव्यवस्थालाई लोकतन्त्र भन्नु सरासर ढाँट्नु, छल्नु हो ।

स्पष्ट हुनुपर्छ, लोकतन्त्र भनेको नाममात्र होइन । लोकतन्त्रमा लोक कहाँ छन्, लोकका मतादेश र अपेक्षावीच तालमेच छ कि छैन ? संविधानअनुसारको विधिको शासन राष्ट्रचरित्र बन्यो कि बनेन ? लोकको जीवनयापनमा संविधानको झल्का र विश्वास प्रतिविम्बित छ कि छैन ? यत्ति जानेपछि बुझिन्छ, लोकतन्त्र लोकको जीवनपद्धति हो कि होइन ? लोकले यो पद्धतिलाई अपनत्व ग्रहण गरे कि गरेनन् ? लोकतन्त्र छ भनेर जबरजस्ती भाषणबाजी गरेर सत्ता र शक्तिको दुरूपयोग गर्नु अर्को निरंकूशता हो, जुन जारी छ ।

शासन, प्रशासन जता हेरे पनि कृष्णभीर लस्किए झैं पहिरो जाँदो छ । राष्ट्रलाई बचाउने र शान्ति, समृद्धितिर अघि बढाउने योजना कुनै दलभित्र पनि छैन । जे छ, त्यो भाषणमात्र छ । भ्रष्टाचारमात्र छ । कोरा भाषण महाभारतमा अस्वस्थामा हतोहत भन्ने कपटी प्रचारमात्र हो । कपटी भाषणले राष्ट्र बन्दैन, बच्दैन । भ्रममात्र छर्छ । भ्रम गर्ने पनि पछुताउँछ, भ्रमलाई सत्य ठान्ने पनि पछुताउनु पर्छ । नेपालमा लोकतन्त्र यस्तै पछुताउ पद्धति बन्यो ।

१६ खर्बको बजेट, १२ खर्बको प्रशासन खर्च, २४ खर्बको ऋृण, १६ खर्बको ब्यापार घाटा, ऋृणको सावाँ ब्याज तिर्ने कि विकास गर्ने ? जे जति बजेट छुट्याइन्छ, त्यसमा ८० प्रतिशतभन्दा बढी चुहावट । नेपालको अर्थतन्त्र चलायमान छ भनेको युवा निकासी गरेर प्राप्त हुने खर्वौंको रेमिटान्स हो । उत्पादन १ खर्बको हुँदा आयात ९ खर्बको हुन्छ । पराधीनता बढ्दो छ, परजीवी दैनिक चलिरहेको छ । आत्मनिर्भरता केहीमा पनि छैन । यी सबै तथ्यले बताउँछ, नेपालको आर्थिक मेरूदण्ड भाँचिसकेको छ । कुनै पनि बेला नेपाल असफल राष्ट्र बन्नसक्छ । तैपनि के गर्ने ? राष्ट्रिय बहस चल्दैन ।

नेता भाँडिए, देश भत्कियो । लथालिङ्ग हुँदा अभिभावक छैन सुझाव दिने, खबरदारी गर्ने । शासित पनि आफै, अभिभावक पनि आफै बन्नुपर्ने जनताको बाध्यता छ । अब जनता जाग्नुपर्छ । नेतालाई तह लगाउन, भत्किएको देशलाई फिट राख्नका लागि । उठ्ने कि सकिने ? आजको प्रश्न यही हो ।

# सपना स्वर्गको देखाएर सोमालिया पुर्याए




३५ वर्षअघि बहुदल स्थापित भयो, अब नर्कबाट स्वर्ग पुगिन्छ भनेर सपना देखाइयो, पुगियो कालरात्रिमा ।

१७ वर्ष अघि लोकतन्त्र आएपछि समृद्धि नै समृद्धि भनेर डङ्का पिटियो, पुगियो अराजकता र अस्थिरतामा । देश भ्रष्टाचारको पोखरी बनिसक्यो ।

सपना स्वर्गको देखाएर सोमालिया पुर्याउने कर्म अहिले पनि चलिरहेको छ । ०४६ साल अथवा ०६३ मा जो नेता थिए, अहिले पनि तिनकै शासन छ, हालीमुहाली छ, शक्ति तिनकै छ ।

इतिहासका अनुसार सन १८०० मा नेपालियन कोड नेपोलियन बोनापार्टले जारी गरेका थिए । यही कानुन पहिलो लिखित कानुन मानियो । त्योभन्दा पनि ४ सय २१ वर्ष पहिले नै अर्थात सन १३७९, बि.सं. १४३६ मा नै राजा जयस्थिति मल्लले नेवारी र संस्कृत भाषामा न्यायविकासिनी कानुन लिपिवद्ध गरिसकेको पत्ता लाग्यो । यस्तो देशमा आज कानुन राजनीतिक खेलौना हुनपुग्यो । लोकतन्त्र भाङ्ग्राको टोपीलाई गुहेलाको फुल बन्यो । संविधान र कानुनी राजका नाममा अराजकता फैलाइएको छ ।

समाजका कुनै बर्ग पनि खुश हुन सकेनन् । आक्रोसित हुनपुगेका छन् ।

जनयुद्धका ६४ हजारभन्दा बढी उजुरी छन् भने अदालतमा लाखभन्दा बढी मुद्दा । काँडाले घोचेजस्ता, सिस्नोले पोलेजस्ता मुद्दा ०४६ साल, ०६३ साल, मधेस आन्दोलनका बेलाका शहीदका पनि छन्, विभेदका कारण शहीद घोषणा हुन नसकेकाहरूको पनि छन् । २०७२ साल भदौ ७ गते नावालक बच्चासहित ७ प्रहरीको नृशंस हत्याका मुद्दा र मुद्दाका दोषी रेशम चौधरीले चुनाव जितेको र शपथग्रहण गराउने कि नगराउने भन्ने देखि उनलाई विधिको शासन भन्नेहरूले नै माफी दिएको प्रश्न पनि छ । हरेक वर्ष हत्या, हिंसा, बालबृद्धाको बलात्कारका समस्या कहालीलाग्दो छ । यी कानुनले ती सबै समस्या संवोधन गर्न सकेन ।

प्रजातन्त्र र समाजवाद फोहरी हातले खेलाउँदा झन फोहर हुन्छ भन्थे, त्यही भयो । असमानता र निरंकुशताको, बिखण्डन र समाजविरोधी तत्वको अन्त्य हुनुपर्थ्यो, प्रजातन्त्रमै ग्रहण पो लाग्यो ।

२०७५ साल भदौ १३ गते आएर नेकपाका अध्यक्ष प्रचण्डले भनेका थिए- ठूलाठूला ठेक्कापट्टामा सेटिङ गर्ने कर्मचारीतन्त्र सुधार्न जरूरी छ । तीन पल्ट प्रधानमन्त्री भइसकेका प्रचण्ड ९ वर्षे सत्ताबाट विपक्षमा पुगेका छन् । अझै उनी लोकतन्त्र, विधिको शासनको बखान गर्न छाड्दैनन् । कुनै दिन मन्त्री बनेकी करिमा बेगमले विहारकी रामुकुमारी देवीलाई नागरिकता दिलाइन्, विहारका बमबहादुर महतो, सञ्जय पटेल, असरफ अन्सारी, निरञ्जन होजाइ, बंगलादेशी हासिम आलमले नेपाली नागरिकता पाए । अहिले उपसभामुख, रास्वपामात्र होइन हरेक पार्टीका ठूला नेता भ्रष्टाचारमा डामिएका छन्, कानुन र कानुनको राजले के गऱ्यो खोई ?

जयप्रकाश गुप्तादेखि चिरञ्जीवी वाग्लेसम्मका धेरै नेता भ्रष्टाचारमा मुछिए, श्यामसुन्दर गुप्ता त २०६८ सालमा पवन संघईको अपहरण र फिरौती काण्डका नायक नै थिए । तर, तिनीहरू जेलबाट छुट्दा माला लगाएर जयजयकारको नारासहित छुटे । मानौं, देशका होनहार लिडर छुटेका हुन् । रातो पासपोर्ट बेच्ने गायत्री साह, वीपी यादव, शिवपुजन यादव, पृथ्वी छन्त्याल, सीता साई, निर्मल बानियाँ, कदारनाथ शर्मालाई नाममात्रको कारवाही भयो, छुटाउने यिनै ठूला साना दलका नेताहरू हुन् । केही वर्षअघि गोल्छाकी भारतीय बुहारी राज्यलक्ष्मीले पत्रकार सम्मेलन नै गरेर एमालेलाई ७ करोड दिएर सांसद भएको बताइदिइन् । पद र प्रतिष्ठा किनबेचको ब्यापार बन्यो । राजनीति बिना लगानीको मुनाफा बजार बन्यो । पूर्वअधिराजकुमारी प्रेरणाले पाएको दाइजो राष्ट्रियकरण हुने, आफूले कमाएको कालोधन श्रीमतीको दाइजो हो भन्नसक्ने विधि निर्माता, देश सञ्चालकले ल्याएको पद्धति हो यो, यस्ता मनलागीतन्त्रले देश कति दिन चल्छ । साँच्चै भन्ने हो भने हरेक नेता, कर्मचारीको सम्पत्तिको स्रोत खोज्नुपर्ने बेला आइसक्यो । संविधान बनाउनका लागि बनेका सांसदहरू कस्ता थिए भने राजेन्द्र महतोकी श्रमिती शैलकुमारी,राजकिशोर यादवकी श्रीमती सरिता कुमारी, अनिल झाकी श्रीमती डिम्पल झा, नेताकी प्रेमिका निर्जला राउतमात्र होइन, महन्थ ठाकुरले त छोरीकी सासू सम्धिनीलाई सांसद पद नै दाइदोमा दिएका थिए । अहिले समानुपातिकमा भ्रष्ट चरित्र देखाएर सांसद बनेकी कांग्रेस सभापति पत्नी आरजु देउवा परराष्ट्र मन्त्री बन्न पुगेकी छिन् । १७ वर्षमा स्वार्थको मनोवृत्तिमा कुनै फरक आएको छैन । बाबुराम पोखरेल, सुवोध पोखरेल, गीता राणाले समेत पैसासँग सांसद पद साटेका थिए । अहिले हरेक पद बिकाउमा छ । हरेक भ्रष्ट सत्ता र संसदमा छन् ।

२०७२ साउनमा महादेवी यादवले छविलाल राय धामीको कुरा मानेर नन्दका छोरालाई बली दिइयो । २०७३ साल भदौ २५ गते भारतीय तान्त्रिक कानु पहरीले धादिङकी १६ वर्षीया युवतीलाई ओमकार शाह व्यापारीले स्वयम्भु सानो भऱ्याङमा बली चढाउन खोजेको खुलासा भयो । छाउपडी प्रथा हटेको छैन । समाजदेखि सर्वोच्च अदालत, संसदको खाजासमेत एनजीओ, आइएनजीओले ख्वाइरहेको छ । केको लोकतन्त्र ?

सरकार बनाउन, टिकाउन विदेशी गुहार्ने चलन छँदैछ । सांसद किनबेच गरे, किनबेचका लागि भारतदेखि चीनसम्म पैसा माँग्नसमेत गए । बिधि बलियो भएको भए भारतको झारखण्डमा सांसद खरिद गर्दा त्यतिबेला पीभी नरसिंह राव जेल परेका थिए, बोफोर्समा राजीव गान्धी र चारा घाटाला काण्डमा लालु यादव जेलको चक्की पिस्न पुगे । कांग्रेस, कम्युनिष्ट, राप्रपा, मधेशवादीले गर्नुसम्म अराजक काम गरे । जिम्मेवारी बहन गरेनन् । तिनीहरू कहिले पनि जेल परेनन् । जेल हाल्ने बेला भयो कि सत्ता परिवर्तन हुन्छ, आफू बच्छन्, भ्रष्टाचारको फाइल बन्द गरेर भ्रष्टलाई बचाउँछन् ।

यो देश कस्तो भने भारतको दादागिरीको खिलाफमा उभिदा मरीचमान, मदन भण्डारी, राजा वीरेन्द्र बंश र राजतन्त्र नै समाप्त पारियो । भारतले भनेको नमान्दा २०१९ सालमा १८ महिना, २०२८ सालमा ९ महिना, २०४५ सालमा ९ महिना र २०७२ सालमा ६ महिना भारतले नाकावन्दी लगाइदियो । भारतले १९६५ को भियना सन्धि, १९७३ को जमैका सहमति, डब्लुटीओ कानुन, जुन १६५ देशसँग गर्न पाउने व्यापार, ०४७ सालको पारवहन सन्धि, एसियाली महादेशको हाइवे सन्धि, सार्क, साफ्टा प्रतिवद्धता, बिमेस्टिक स्वतन्त्र व्यापार सन्धि मान्दै मानेन, सधैं उल्लंघन गरिरह्यो । सशक्त सरकारले राष्ट्रिय हितमा उभिन र बोल्न नसक्दा त्यसको मूल्य जनताले चुकाइरहेका छन् ।

आफूमाथि कुनै खतरा नहोस् भनेर भारतले लिपुलेक, लिम्पियाधुरा, कालापानी आफ्नो नक्सामा मिलाइसक्दा पनि भूगोल खोज्न कुनै नेता तैयार छैनन् । यी लेण्डुपेजस्ता लाग्छन् । लेण्डुप सधैं निन्दनीय छन् ।

यतिबेला राजनीतिले सिकाएको शिक्षा नै बेइमानी हो । यहीकारण पानी मन पर्छ बचाउँदैनन्, खाना मन पर्छ, खेती गर्दैनन् । दूध मन पर्छ गाई पाल्दैनन्, शीतल खोज्छन्, रूख रोप्दैनन् । राम्री बुहारी खोज्छन्, छोरी भए गर्भपतन गराउँछन् । बोत्स्वाना हीराको व्यापारमा नम्बर वान हो । नेपाल पानी र पर्यटनमा नम्बर वान हुनसक्छ, बुझ्दैनन् । सबैलाई इजी मनी र सिधै सत्ता चाहिएको छ । सम्पत्ति त राज्यकोष, राज्य सम्पत्ति बेचेर पनि कमाउँछन्, दलाललाई दलाली नै प्यारो ।

उखुमा फल, श्रीखण्डमा फूल र सुनमा सुगन्ध भए के हुन्थ्यो होला संसार । प्रकृतिले किन दिएन यी गुण । यति विश्लेषण गर्न नसक्ने नयाँ नेपाल बनाउने कारिगर भएका छन् । नक्कली डाक्टर र हाम्रा नेता हात्ती र हात्ती छाप चप्पल उस्तै उस्तै हो नानु भनेजस्ता छन् । कठै नेपालको भविष्य ।

१९६९ मा सुरक्षा परीषदमा चुनाव लडेर निर्वाचित भएको नेपाल, जसले त्यतिबेला जापानलाई हरायो । चीन सदस्य नै थिएन ।१९८८ मा एसियाले साथ दियो, फेरि नेपालले जित्यो । त्यसपछि नेपालको कहाँ छ ? भ्रष्ट नेता भएको धनी देश हो नेपाल । जो माँगेर छाक टार्छ, विकासको पाइला सार्छ ।१७ वर्ष अघिसम्म नेपाल के भन्छ भनेर विश्वका कान ठाडा हुन्थे, आज नेपाल दिल्लीमै अपमानित हुन्छ, बाँकी विश्वको के कुरा गर्नु र ? नेपाललाई यसरी रसातल पुऱ्याउनाले ल्याएको संविधान यिनकै लागि भार हुनथालेको छ ।

रत्नाकर बाल्मिकी बनेको संस्कृति छ, संस्कारित बन्न कोही तैयार छैन । भुल हुन्छ, सुधार्न कोही तैयार छैनन् । सबै मैमत्ता न कलकत्ता भएका छन् । दम्भले झम्मै पारिसक्यो । मकवानपुरमा अग्नि एयरको नोज डाइभ र असक्षमताको मैदानमा लोकनेताहरूको टाउको टेकाई उस्तै भएन र ? यसकारण प्रश्न उठ्यो- राजनीतिक अन्धबेगले सोमालिया बनाउने भयो ।

स्मरणरहोस्, १९७५ मा भारतले लेण्डुप दोर्जीको प्रयोग गरेर सिक्किम खाइदियो । लेण्डुपका ३२ मध्ये ३१ सांसदले संसदबाटै भारतमा बिलयन हुने प्रस्ताव पारित गरेका थिए । त्यसपछि लेण्डुप बाँचुन्जेल जनताले उनलाई देख्यो कि थु थु गर्थे, उनी मर्दा मलामीसम्म पाएनन् । कुनै बेला मैसुर राज्यका गद्धार शेख हयास, मीर खानहरू थिए, नेपालमा नेताहरूको रूपमा तिनको पुनर्जन्म त भएन ?

बेलायतको इतिहासमा मान्छे काटेर सिंहासनमा बस्ने राजा रिचार्ड तेस्रो थिए । युध्दमैदान जाँदा एकदिन उनी शत्रुको घेरामा परे । उनले रणभूमिमा भनेका थिए- म हजारौं बिरोधीबाट हार खान्न । मेरा सेनाको शक्ति पनि कमजोर छैन । तर कुन गद्धारले गर्दा म घेरामा परें । म मारिनु पर्ने स्थिति छ, तैपनि मलाई एउटा घोडा चाहिएको छ । म त्यो गद्धारको खोजी गर्छु । म त्यो घोडा चढेर गद्धार खोज्न जान्छु । त्यसलाई सिध्याउँछु । गद्धारलाई मार्ने अवसर देउ, त्यसपछि मलाई टुका टुका पार, म ऐया पनि भन्नेछैन ।

नेपालको राजनीति र प्रशासनमा गद्धारहरूको बिगबिगी छ । देश युवा बेच्ने, युवा रगत बेच्ने, देशको भविष्य बेचेको रेमिटान्सले संघीय लोकतन्त्र चलाउने । राष्ट्रमा अराजकता छ, अनीति छ, अनुशासन छैन, मनपरीमात्र छ । हामी असफल राष्ट्रका जनता बन्दैछौं । अब जनताले, नागरिक समाज र बुद्धिजीवीहरूले गद्धारीपन जहाँजहाँ छ, त्यसको भण्डाफोर गर्नुपर्छ । सिनो राजनीति र मुर्दा अर्थनीतिको सुधार गर्न कडिकडाउ निर्णय लिने वीर त जन्मनैपर्छ । अन्यथा शेक्सपियरको एक कथामा सिजरलाई जसरी उनकै विश्वासपात्र ब्रुटसले धोका दिएर मारे । सिजरले ब्रुटस तिमी पनि.... भनेर प्राण त्याग गर्नुपऱ्यो, त्यसैगरी गद्धारहरूले नेपाललाई चिहान बनाउने छन् ।

जयप्रकाश नारायण भन्ने गर्थे, नेपालीहरू किन दिल्लीलाई चाकरी गरेर दिल्लीमुखी बन्न लालायित हुन्छन् । निश्चित कुरो के हो भने १९४७ मा भारत स्वतन्त्र बनाउनका लागि नेपालीले रगत बगाए, ज्यान दिए । त्यसपछि पनि नेपाली भारतकै सामु नतमस्तक भइरहे । यो पराधीनता मानसिकता हो ।

नयाँ नेपाल बनाउने राजनीतिक महाभारतमा हजार शिशुपालको अपराध भइसक्यो होला । के गर्नु, शुदर्शनचक्रधारी श्रीकृष्ण छैनन्, शिशुपालहरू उधुम मच्चाइरहेका छन् ।

जनयुद्ध र जनआन्दोलनका नायकहरू इजिप्टका नासिर हुनसकेनन्, नासूर बने । ऋृगबेदका ऋृचाका पवित्र श्लोकहरू गुन्जियोस् भन्ने थियो, राष्ट्र विकासशील बन्दियोस् भन्ने थियो, मंगलसेनहरूको जगजगीले तुहियो । भृकुटी, बलबाहुको देश बाहुबलीको चङ्गुलमा फस्यो । मार्क्स, लेनिनका सालिक पनि कम्युनिष्टका सम्भ्रान्त जीवन देखेर लजाएका होलान् ।

यद्यपि नेपाली कम्युनिष्ट आन्दोलनको प्रगति र मोहनचन्द्र अधिकारीको जीवन हेरेपछि थाहा हुन्छ- नेपालमा कम्युनिष्ट छैनन् । अर्का कम्युनिष्ट शिखर पुरूष भनिएका मोहन विक्रम सिंह, २०१५ सालमा ८५ नम्बर क्षेत्रबाट चुनाव लडे । त्यतिबेला उनले पाएको ३२ सय भोट हो । त्यसपछि उनले कहिल्यै चुनावमा उठेनन्, भोट पनि हालेनन् । तर बुढेसकालकी श्रीमतीलाई मन्त्री बनाउन नपाएर उखरमाउलो पल्टिएको धेरै भयो ।

कांग्रेसमा वीपी सिद्धान्त कम्युनिष्टनामको बली चढिसक्यो । सुन्दरीजलमा रहेको वीपीको शालिक र संग्रहालयमा टाँगिएको वीपीको समाजवादी सिद्धान्त- एउटा दुहुनो गाई, एक हल गोरू, जोतीखाने जमीन, औषधिमूलो, सन्तानलाई शिक्षामा माकुराले जालो लगाएको छ । यी तिनै वीपी हुन् जसले १९४२ मा भारत छोडो आन्दोलनमा सहभागी भए, जयप्रकाश नारायण, राममनोहर लोहियासँगै जेल परे, हजारीबागको जेल तोडेर सप्तरीमा आएर भूमिगत जीवन बिताए । फेरि भारत गए, भारतमै २००३ सालमा कांग्रेस पार्टी जन्माए । बैरगनियाबाट सशस्त्र क्रान्तिको बिगुल फुके । प्रवाशमा रहेका वीपी २०३३ सालमा मेलमिलापको नीति लिएर नेपाल फर्किएका हुन् । वीपीले कांग्रेसलाई गायत्री मन्त्रजस्तै देशवादी मन्त्र सुनाए- कुनै पनि बेला मनमा द्विविधा भयो भने माटो हातमा लिनु, मनले जे भन्छ, त्यही निर्णय गर्नु । आज कांग्रेसमा वीपीनीति छैन ।

लोकतन्त्रमा लोक हो राजनीतिक मक्का मदिना, चारधाम । गुमायो, राजनीतिले धर्म गुमायो, लोकविश्वास गुमायो । लोकाधार गुमायो । उकुसमुकुस अवस्था पो आयो ।

# सत्ता परिवर्तन कागलाई बेल : हर्ष न बिष्मात्



**-सुरेशकुमार पाण्डे :**

आज देशको अबस्था हेर्दा र देशभित्रका राजनीतिक पार्टीहरूको गतिबिधी हेर्दा अराजक हुलमा घेरिएको देश जस्तै लाग्छ । यी सबै राजनीति पार्टीहरूले भन्छन्- राजनीति भनेको सत्ता प्राप्त गर्नुनै हो । कसैले भन्दैनन् राजनीति देश र जनताको लागि हो । राजनीतिमा नै देशको भबिष्य हुन्छ भन्ने कुरा थाहा नपाएका अराजक प्रवृतिका राजनीतिक जमघटले देशलाई नर्क तुल्याए ।

यही काग्रेस पार्टी हो ओलिको राजनीतिक गतिबिधीमा प्रतिगमन देख्ने पनि, ओलिलाई विदेशीको कठपुतली देख्ने पनि । अहिले भागबण्डा पाएपछि ओली योग्य भएको देखियो । यहाँ कुन पक्ष हो कुन विपक्ष कस्को भुमिका कस्तो हुनुपर्ने त्यसबारेमा कसैलाई चासो छैन ।

पक्ष विपक्ष बिचमा जुन मुद्दामा छलफल हुनुपर्ने हो, एकता हुनुपर्ने हो त्यसमा हुँदैन । कहिले भएन ।

आफुलाई ठुला दल भनौदाहरू खास गरि काग्रेस, एमाले र एमाओवादीहरूको मुल्याङ्कन गर्दा उनिहरू नै देशभित्र हालिमुहाली गर्दै आएका छन् । सरकार कस्को बनाउने कस्को ढाल्ने, को सँग एकता गर्ने र सरकारमा जाने बाहेक देश र जनताको हितमा कुनै कुरा हुँदैहुँदैनन् । उनिहरू नै सरकारी उनिहरू नै प्रतिपक्ष । अचम्म लोकतन्त्र ।

पार्टीहरूवीच सम्विधानमा रहेका जनता र देशको हित बिपरित बुँदाहरूमा छलफल हुँदैन । बरू आफ्नो स्वार्थ पुरा कसरी हुनसक्छ ! आफ्ना आसे पासे र गासेहरूलाई कसोगरी फाइदा दिन सकिन्छ । यस्तै-यस्तै विषयमा नेताहरूको छलफल र षड्यन्त्रहरू हुँदै आएका छन् । मेची जावस की महाकाली जावस नेताहरूलाई कुनै बाल छैन ।

आखिर यो देश कस्को हो ? यि देशका जनताहरूको समस्या कसले सुन्ने ? के छिमेकीहरूले हाम्रो समस्या सुन्ने हो ? हामिले न्याय माग्न र रोजगार माग्न अरू देशमा जानुपर्ने, कस्तो बिडम्वना हो । उखानमा भनिन्छ गाउँ गाउँमा सिहँ दरबार आउँछ । पानी जहाज र रेल आउँछ ।एम सीसी लागु गरिए पछि विधुतमा, बाटोमा र देशको अवस्थामै सुधार हुन्छ । यि पाखण्डि नेताहरूले कुनै दिन यस्तो भन्न पनि पछि पर्ने छैनन्“ यो देश फलानो देशमा बिलए गराऊँ हाम्रो देशको काया पलट हुनेछ ।“ किन की देश विकास गर्ने तरिका यिनिहरूको देखियो र भोगियो पनि । स्कुलमा राजनीति, अदालतमा राजनीति, संसदमा राजनीति, खेतबारीमा राजनीति । यहाँ त बर्षे झरि जस्तै राजनीति छ ।

देशलाई कसरी फाइदा हुन्छ, देशका नागरिकलाई कसोगरी फाइद पुराउन सकिन्छ ? देशलाई आत्मनिर्भर र युवाहरूलाई देशभित्र रोजगार कसरी दिनसकिन्छ ? यस्तो राजनीति भएन ।

सबैलाई थाहा छ देश सानो छ,देश आत्म निर्भर छैन, देशको आयाश्रोत रेमिटेन्स र जनतावाट लिएको कर मात्र हो । देशले सबै आयात गर्छ निर्यात त देशका होनहार युवा त्यो पनि मज्दुरको रूपमा गरिन्छ । अनि उनैको पसिनामा आएको रेमिटेन्सले देश चलाइन्छ ।

यस्तो अवस्थामा देशभित्र सङ्घीयता केका लागि ल्याइएको हो ? अहिले देशमा जन्म लिएका नवजात शिशु ८३ हजार ऋण आफ्नो टाउकामा सँगैलिएर जन्मिन्छन् । यस्तो बिडम्वना छ हाम्रो देशमा ।

सङ्घीयता आएपछि हामिलाई के फाइदा भयो के नोक्सान भयो ? त्यसको समिक्षा कसले गर्ने हो र कहिले गर्ने हो ?

देशमा भ्यूटावर बनाइन्छ तर पुल बन्दैनन्, देशमा बिकास हुँदैन बरू भएका उद्योग कलकारखाना पनि बन्द गरिन्छ वा नीजिकरण गरिन्छ । देशभित्र शिक्षा डामाडोल भयो । सरकारी स्कुलको अवस्था तरल बन्दै गएकोछ । शिक्षालय कार्यकर्ता उत्पादन केन्द्र बने ।

आर्थिक अवस्था उस्तै छ स्वास्थय, शिक्षा र आर्थिक अवस्था डामाडोल भयोभने देश नै असफल राष्ट्रमा परिणित हुन्छ ।यो देशका लागि सबैभन्दा जटिल अवस्था हो । जसको श्रेय सङ्घीयतालाई जान्छ । त्यसको नाइकेहरू देशका हात्ती पार्टीहरू नै हुँन् । कुनै पनि कालखण्डमा कसैले पनि सङ्घीयताको माग गरेन तर पनि त्यो चोर ढोकाबाट भित्रियो । न त हाम्रो देश छरिएर रहेको थियो, नत छुट्टिन खोजेका राज्यलाई एकताबद्ध गर्नुपर्ने बाध्यता थियो, आखिर किन देशमा भित्राइयो त सङ्घीयता ?

यसबारेमा घरि-घरी भनिरहनु नपर्ला प्रष्ट छ । सङ्घीयता विदेशीको दवाबमा उनिहरूको स्वार्थ पुरा गर्नका लागि भित्राइएको हो । यसैले असफल भयो ।

तर हाम्रो देश नेपाल एउटा अर्ध सामन्ती र अर्ध उपनेवेशिक अबस्थामा रहेको एउटा भूपरिवेष्ठित देश हो । जो आर्थिक हिसावले धेरै गरिब नै छ । यस्तो देशलाई सङ्घीयता भिराएर अराजकताको सङ्कट निम्त्याइएको छ ।

देशभित्र आयश्रोत नगन्य छ । देशभित्र आठौटा सरकार र नौवटा संसदहरू चलाएका छन् । संसारलाई तमाशा देखाउन खर्च बढाइएको छ ।

७७ जिल्ला, महानगर पालिका ६,उप महानगर पालिका ११, गाउँ पालिका ४६०, नगरपालिका २७६, वार्ड ६७४३, १३५ जना मन्त्री, ८८४ सांसद लगायत कर्मचारीहरू हाकिमहरूलाई पाल्दा पाल्दै देश कङ्गाल हुने र जनता बेहाल हुने भयो । देश असफल सावित हुनेभो ।

अब देशलाई जोगाउँनु छ भने अबिलम्बन सङ्घीयतालाई खारेज गर्नुको विकलप छैन । यस तर्फ कसैको ध्यान जाँदैन । जावस पनि कसरी सत्ता र भत्ताको मातमा चुर भएका नेताहरूले आफ्नो व्यक्तिगत स्वार्थ बाहेक अर्को तिर सोंच्नै सक्दैनन् ।

नचाहिने कथा सुनाए उस्तै-उस्तै काम गरेर देशको आर्थिक खर्च गराए ।भ्यू टावर नबनाईनहुँने केका लागि थियो?

त्यो कत्तिको व्यलहारिकता भएको छ । कम्तिमा पानी ड्याम बनाएर वर्षा यामको पानी जम्मा गरेर खडेरिमा सिंचाइ गराउँन सकेको भए खेति त हुनेथियो ।पुल बनाएको भए तुइनमा झुण्डेर बालबालिकाहरूलाई स्कुल जानुपर्ने थिएन । राष्ट्रिय परिचय पत्र भनेर बनाएको काडमा नत राष्ट्रको चिनो छ ।न टोपी न दरूवा सुरूवाल अनि राष्ट्रलाई कस्तो बनाउँन थालेका छन् ? हाम्रा नेताहरूले ।

कम्तिमा नागरिकता बनाउदा टोपीलाई अनिवार्य गराइएको थियो । राष्ट्रिय परिचयपत्र किन चाहियो ? कमिशनतन्त्र पाल्न अनिवार्य गराइयो ।

सहरमा विदेशी समान बिक्रि हुन्छ ।देशभित्र उत्पादन हुँदैन् । उद्योगपतिहरू देशभित्र उद्योग खोल्न चाहाँदैनन् कमिशन र भ्रष्टतन्त मौलायो । सिङ्गो देश फिजीकरण भएको छ ।

सन् १९७२/७३ को सिक्किमको अवस्था यस्तै हो । जसका कारण १९७५ मा देशै सकियो । गद्धारहरू स्वतन्त्र देशलाई आफ्नो देशलाई भारतको एउटा राज्यको रूपमा स्थापित गराउँन सफल भए । हाम्रो देश नेपाललाई पनि त्यही लैण्डुप दोर्जे जस्ता कयौं गद्धारहरूले घेरेका छन् । जबसम्म ति कथित नेपाली लैण्डुपहरू देशमा रहिरहन्छन् यो देश खतरा मुक्त हुनैसक्दैन् ।

अहिले त ठुला-ठुला राजनीतिक दलहरू एउटा स्वतन्त्र पार्टीका एकजना व्यक्तिको बिरूद्धमा हात धोएर लागेका हुन्छन् ।अलिकिती कसैले राम्रो काम गर्न थाल्यो तेसैको बिरूद्धमा नेताहरू जुर्मुराउँछन् । त्यसलाई काम गर्न नदिने र कुनै नकुनै षड्यन्त्र गरेर त्यसलाई हतोत्साहित् गराउँने प्रयत्न गर्छन् ।पहिले धरानका मेरको पछि परे अहिले काठमाण्डौका मेयर, बालेन साहाको पछि परेका छन् । उनले आफ्नो क्षेत्रमा वैधानिक रहेर काम गर्नलाई नै जनताले चुनेका हुन् । उन्ले काम गरिरहेका पनि छन् । काम गर्ने तौरतरिका बोल्ने शब्दहरू जेजस्ता भएपनि अहिले यतिवेला सम्म उन्को नियत सफा देखिन्छ । आफू केही नगर्ने, आलोपालो सरकार चलाउने, भ्रष्टाचार मच्चाउने, अरूले केही गर्दा राजनीति मासिएला भनेर डराउने ?

लोकतन्त्रका नाममा जुन जुकानीति पन्पिएको छ, त्यो आपत्तिजनक छ ।

अब त यो देशको आयु देशका जनताले मात्र लम्बाउन सक्छन् ।यद्यापि ति जनताहरूले हाम्रो भन्दा राम्रो कामको समर्थन गर्दै आ -आफ्ना पार्टी पंक्तिमा विदेशीका दलालहरूलाई नङ्ग्याउँन प्रयात्न गर्छन् भने मात्र सम्भव होला ।

अहिले बिभिन्न राजनीतिक पार्टी र नेताहरूलाई सहकारी र एनजिओ वा आइ एनजिओले नचाईरहेको अबस्थामा उपरोक्त कार्य त्यती सजिलो पनि छैन ।तर यदि हामि अँझै पनि चुपलागेर बस्छौं भने देशको अवस्था जटिल बन्दै जाने प्रष्टै छ । जुनसुकै धारा संसोधन गरेपनि जुनसुकै नेता प्रधानमन्त्री बनेपनि यो देशको अबस्थामा सुधार हुनेछैन् ।जब सम्म सङ्घीयता लगायतका अनावस्याक सन्धि सम्झौता खारिज हुँदैनन् । तब सम्म देशले काँचुली फेर्ला भनेर आस गर्नु मुर्खता हो । यो देशमा आमूल परिवर्तन् गर्नैपर्छ, कृषि क्रान्ति हुनैपर्छ । गलत नेतृत्व फाल्नैपर्छ ।

तब सम्मका लागि सङ्घीयता र विदेशीसँग गरिएका एमसीसी लगायत तमाम असमान सन्धि र सम्झौताहरू खारेज हुनुपर्छ ।त्यो भन्दा तलाका यि बुँदाहरू खारेज गरेर वा संसोधन गरेर कुन प्रधान मन्त्री बन्ने कुन गृह मन्त्री बन्ने जस्ता पदलोलुपता बिचारले देश र जनतालाई कुनै पनि प्रकारको फाइदा हुनेछैन । जो आउन् जाउन् ।

अहिले देशमा आलोपालो सत्ता स्वादको खेलो चल्दै छ ।तयसैको लागि सम्विधानमा संसोधन गरेर बाटो बनाउँने तरखरमा पनि लागेकाछन् ।यो अहिले होइन देशमा आएको बहुदलिय साशन पछि लगातार यस्तै हुँदै आएको छ ।आलो पालो सरकारमा जाने र देशलाई अचानो बनाएर आफ्नो सिकार खेल्ने । आत्तिएर गरेको निर्णय नत देशको न जनातको कसैको पनि फाइदा हुँदैन ।विगतमा गरेको सत्ता साझेदारी असम्वैधानिक थियो ।त्यसैले त्यो गलतिलाई सच्चाउँन अहिले सम्विधानको धारा १८लाई संसोधन गर्ने योजना दलहरूले अगाडि सारे । तर यो पनि देश र जनतालाई कागलाई बेल हर्ष न बिस्मिता भने झैँ हो ।सम्विधानलाई संसोधन गर्ने नै हो भने सङ्घीयतालाई हटाएर देशलाई आर्थिक बोझबाट मुक्त गरौँ ।यतातिर सबै राजनीतिक पार्टीहरूको ध्यान जावस् ।

अहिले प्रच्डले प्रतिनिधि सभाबाट बिस्वासको मत प्राप्त गर्न असफल भएकाछन ।उनि पदमुक्त भए लगातै फेरी केपी शर्मा ओलिले काग्रेस सँग मिलेर सरकार बनाउँन थालेकाछन् ।सरकार गठन भएको १८महिनामा पाँचौं पटकमा विश्वासको मत प्राप्त गर्न प्रचण्ड असफल भएपछि प्रचण्ड सरकार खुस्किएको हो ।

पक्षमा कुल ६३ र बिपक्षमा १९४मत आएका थिए ।प्रचण्डले एमाले र काग्रेसले आफु सँग गरेको हर्कतले देशलाई २०४७को सम्विधान तिर डोराउँन थालेको आरापो पनि लगाएकाछन् ।अबको एमाले काग्रेस गठबन्धनको सरकारको ओलिले नेतृत्व गर्ने निश्चित भएको छ ।तर के उनिहरूको आलो पालो सरकार बनाएपछि देश र जनतालाई केही फाइदा होला त ? जुनसुकैको सरकार आएपनि विदेशीले त भरपुर फाइदा उठाउलान तर हाम्रो देश र यो देशका नागरिकलाई भने कागलाई वेल नै हो ।

अहिले लगातार वर्षातको कारण बाढी पहिरो र देशमा दुर्घटनाले रूवाबास छ । जनता अक्रान्तछन् । नेताहरूलाई सरकार ढाल्ने र आर्को कसलाई बनाउँने खेल चलिरहेको छ ।यो हाम्रो देशमा आएको गणतन्त्रको सक्कली अनुहार हो ।जबसम्म देशवाट सङ्घीयता फालेर एकात्मक साशन प्रणालि द्वारा देशलाई आत्मा निर्भर बनाउँन पहल गरिदैन तबसम्म यो देशभित्र यस्तै तमाशा हुँदैजाने छ ।

सबैभन्दा ठुलो दल काग्रेस, एमाले र तेस्रो ठुलो दल एमाओवादी प्रचण्ड ३२ सिट छ । यी दलका नेताहरू आलो पालोको व्यवहारमा पनि इमान्दार देखिदैनन् । फेरी पनि ओली पछि देउवालाई प्रधानमन्त्री बनाउने गरि ।गशान्ति जय नेपाल भएको छ, कठै ।

# दुई तिहाइको शक्तिले देशका लागि के होला ?





**के गर्छ यो शक्तिशाली सत्ताले ? माओवादी अध्यक्ष प्रच(ण्ड र रास्वपा तथा राप्रपालाई ध्वस्तनष्ट पार्न शक्ति खर्च कि जनअपेक्षा पूरा गर्नतिर शक्तिसहितको विवेक पनि लगाउँछ। एकदोस्रालाई अपमानित, लाञ्छित गर्ने चरम प्रवृत्ति देखाइसके। एकले अर्कोलाई सिध्याएर देशका समस्या सल्टिदैनन्। देश गम्भीर भीरमा पुगिसकेको छ, देश बचाउन सहमतिकै राजनीतिको खाँचो छ। हेरौं....**

# त्रिबि स्थापनामा राजा महेन्द्रको योगदान

*इतिहास इतिहास हो, जसलाई जति छोपे पनि मेटिन्न। राजाहरूका नाम मेटाउँदै गएका लोकतन्त्रवादीहरूका लागि महेन्द्रको इतिहासले पछ्याइरहने छ। किनकि यिनले केही पनि गर्न सकेनन्। सं.*

**त्रिभुबन विश्व बिध्यालय को स्थापना गर्न राजा महेन्द्रको योगदान**



१) त्रि .बि .बि. स्थापना दिबसका अवसर रहेछ । हामी सम्पूर्ण नेपालीको तर्फबाट मैले शुभकामना अर्पण गरेको छु ।

२) काठमाडौंबाट त्यती टाढा (उस बखतको लागि) ५०० बर्ष पछाडि सम्मको सोच राखेर राजा श्री ५ महेन्द्रले किर्तिपुरमा त्यत्ती धेरै जग्गा किनेर यो बिश्व बिद्यालय स्थापना गरेको पाटोलाई स्वतन्त्र मुल्याङ्कन गर्ने हो भने यो अती नै महान काम हो ।

३) यो स्थानको जग्गा किन्न नेपाल सरकारले सबै पैसा उपलब्ध गराउन नसक्दा श्री ५ महेन्द्रका २ माताहरू कान्ती र इस्वरी शाहहरूले आफ्ना गहना बेचेर रू १६ लाख दान दिएका रहेछन् । किनकी यो बिश्व बिद्यालय ति रानीहरूका पति स्व श्री ५ त्रिभुवनको नामबाट स्थापना हुने भएकोले हो ।

४) ति दुबै रानी कान्ती र इस्वरीलाई त्रि बि बि ले मानार्थ पीएचडी डिग्री दिन प्रस्ताब गर्दा ति दुबै मुमा बडा महारानीहरूले 'जब त्रि बि बि ले आफैले पीएचडी डिग्री दिन सुरू गर्ला अनी मात्रै हामी लिनेछौ, अहिलेलाई पर्दैन' भने पछी प्रदान गरिएको थिएन ।

५) यो तस्बिरमा श्री ५ महाराजधिराज महेन्द्रको उपस्थितिमा मुमा बडामहारानीहरू कान्ती र इस्वरीले त्रि बि बि भवनको शिल्यान्यास गर्दै छन् ।

तस्बिर इन्टर्नेट बाट सभार गरिएको हो । **- प्रेमसिंह बस्न्यात्**

## In the context of the Origin, Tangible and Intangible Cultural Heritage of The Chauhan Society of Nepal

# My Participatory review and Suggestions



**By Uttam Karmacharya,**
**Well-wisher of The Chauhan Sewaa Samaaja of Nepal**

***1. My knowledge about The Chauhan Society of Nepal and attachment***

My first introduction to Chauhan Society / friend was Dr. Mahesh Singh Chauhan 20 year back at Dr. Iwamura Memorial Hospital Bhaktapur when he joined as a general physician of the hospital during the first year/ tenure of Hospital Medical Director / Hospital Superintendent Dr. J P Jayasawal in 2004. When we took over the hospital with the first founder team , they were only two regular medical staff with other admin staff.

My second person of Chauhan Society member whom I met was Police Staff of Bhaktapur DSP Office assigned to Durwar Square area was Mr. Narayan Bdr. Chauhan who served around more than 20 years as a Bhaktapur Durbare square Police incharge.

The third person was Professor Dr. Jungam Chauhan of Tribhuvan University . Dr Mahesh Singh Chauhan took himto to my office some years back when his visited Iwamura hospital to meet Dr. Chauhan . Then I met the Chauhan Society group members in Kathmandu during their annual function in 2070 Ashwin 12 Saturday in Kathmandu in a school when Mr. Narayan Pd. Chauhan was chairman and secretary was Mr. Kul Bdr. Chauhan. The advisor of the Society was Mr. Jeet Bdr. Chauhan . during that time of annual function I was invited by Dr. Mahesh Singh Chauhan . During the function, the Society handed me a certificate of appreciation to Dr. Iwamura Memorial Hospital in response to the contribution and support of the hospital for health camp conducted in Chankhu Ramechaap where around 600 patients were checked up by hospital medical team and provided free medicine under the leadership of late Bhoj Raj Chauhan and Dr. Mahesh Chauhan and Mr.Dambar Khadka as a manager of the hospital and Mr. Ram Chandra Gosai, hospital staff as a supervisor of the health camp. .I was so happy to receive the letter of appreciation. It was very nice get together and luncheon program. Since then I became more friendly with The Chauhan Sewaa Samaaj of Nepal and used to discuss about the need of development of documents regarding the origin with special reference to tangible and intangible cultural heritage traditional values, ethics and social practices inherent in t the Chauhan society of Nepal and their lifestyle scattered in different districts of Nepal.

***2. Bylaws / Bidhan of The Chauhan Society of Nepal***

It was so nice to go through the Bylaws / Bidhan of The Chauhan Society of Nepal registered in the CDO of Kathmandu dated 2063 BS Regist ration Number 840/2062/2063. I wish to express my heartfelt and longleft greetings and congratulation to all 11 founder members of The Chauhan Society as the representatives of 11 districts: Bhojpur;Terhathum; Jhapaa; Arghakhanchi; Khotang; Morang; Ramechhapa ; and Sarlaahi.

It was glad to know that they all are the members of the Adhoc committee before registration.

***1. My Latest Participation in The Chauhan Society of Nepal***

It was so nice to attend the anniversary of The Chauhan Society at Bhaktapur Sallaghadhi Ganesh Temple amid more than 200 people of the The Chauhan Society on 2080 Chaitra 17 Saturday. I was invited by Dr. MS Chauhan as a special friend and guest based on my previous participation and interest joining the program. It must be the largest gathering of The Chauhan Society. I almost participated the whole day. The Ganesh Temple area was full of having different programs with Thousands of people with different walks of life. Finally I found the The Chauhan Society Flex. Then I joined the venue. The annual meeting hundred of people were having snacks. I tried to meet Dr. MS Chauhan first because I didn't know others. All of a sudden I was greeted by former DEO Mr. Lal Jung Chauhan and police inspector Narayan Chauhan. They didn't know that I was attending their annual event in such a huge gathering of Ganesh temple. When I talked about the invitation of Dr. MS Chauhan, then only they came to know that I was attending their annual celebration. By that midday I met Dr. MS Chauhan at the venue attending the meeting after checking some patients in the nearby Dr. Iwamura Memorial Hospital . It is to be noted that Dr.MS Chauhan serving the hospital for the lat 20 years as a physician. Then after meeting with we started taking / enjoying snacks together. Then it was nice to get introduced to other people of the The Chauhan Society specially pass and present four chairs persons and Secretary. Then I registered my name . The whole group members were having fun each other singing and dancing. The Ganesh temple was full of fun and lively music. The group was enjoying musical chair and other activities with fund group to group . I was so glad to see and met different groups of people both elderly and youngberry with different walks of life scattered all over Kathmandu Valley in different positions and professionals. I enjoyed very much different activities with cold drinks and cured/ Dahi / Mahee . It was nice that there was no hard drink served.

As I was interested to highlight something about The Chauhan Society anniversary Annual gathering I requested the Mc to provide me some time to speek my way to acknowledge the society through Dr. MS Chauhan. With the permission of the society MC and chairperson I called all four respectable chairpersons and my known friend Dr . MS Chauhan and Narayan Chauhan and eldest couple of the society in the dais and stated my heartfelt congratulations and greetings to the Society and chairpersons and advisors one by one . It was nice to extend facilitation to eldest couple of the Chauhan Society Mr. Khadga Bdr. Chauhan aged 99 and Mrs. Bhakta Kumari Chauhan aged 85;mr. TulsiJung Chauhan aged 79 and mrs. Sita Devi Chauhan aged 76 admid big gethering with Khadaa with my congratulation greetings /speech on behalf of individual family capacity and the Senior Advisor of The Karmacharya Society of Nepal.

Finally I remembered the Face book video of the 40 marriage anni8verssary of Dr. MS Chauhan of this year at their home with nearby family members with family dance , I requested Dr. Mahesh and his wife Madam Mrs. Dhana Chauhan to have a dance presentation with a wonderful music and milking system. They agreed my request and did wonderful dances. A group of gentlemen and gentle ladies did participate in the dance. It was wonderful time and Memorial Day . Congratulations and congratulation to The Chauhan Society.


*4. Sharing of the document of The Karmacharya Society Nepal*

After sever meeting with Dr. MS Chauhan discussion about The need of documentation of The Chauhan Society, Dr. MS Chauhan was convinced about the need of documentation ,then we shared the first Resource Book of The Karmacharya Society edited and cooedinated by myself three years back. Then I found Dr. Chauhan more motivated and stared to draft an article first Nepali about the origin and historical development of The Chauhan Societ in Nepal.

We discussed the draft several times and fnally publishedin th popural national weekly Gorkha Expressed dated 2081 Ashar 04 Tuesday (18 June 2024) under the title as Historical analysis of The Chauhan Origion of Nepal. With the publication of this article the whole society members are glad to go through and I also got chance to learn about the origin of The Chauhan Society in Nepal in detail . We must be grateful to Dr. MC Chauhan for his valuable article.

**5. My suggestions**

1. Publication of summary bulletin from its inception to date
2. Formation of the documentation development committee with two advisors
3. Temporary office set up
4. Selection of coordinator and editors
5. Collection of greetings and congratulatory messages by the senior member of the society -five person
6. Editorial notes
7. Request letter for articles and other documents with special reference to tangible and intangible cultural heritages
8. First resource book publication estimate
9. Life long and general membership scheme for financial supports



*Senior Advisor Of The Chauhan Society -Dr. Mahesh Singh Chauhan*

***6. My Recommendation***

1. Special bio data publication of around 10 distinguished and respectable personalities of the member of the The Chauhan Society members
2. House hold survey of The Chauhan Society members house hold of different districts
3. Establishment of The Chauhan Society Academy
4. Establishment of the senior center of The Chauhan Society members in one of the nearby district
5. Formation of The Chauhan Society members cultural group
6. The Chauhan Society fund raising scheme and fix deposit efforts.




**Four Chairpersons to date : 1. Jit Bdr. Chauhan 2. Narayan Pd. Chauhan 3. Chitra Bdr. Chauhan 4. Lal Jung Chauhan**

# Smash And Grab

*By Sunanda Datta Ray*

**CHAPTER 13 Death Warrant**

There seemed to be no. alternative to spending the night in the police-station with its single table, two or three upright chairs, dingy barred cell and still grumbling, but hospitable; officer. We sat there gloomily until, suddenly, the telephone shrilled back into life. It was the Chogyal. He had spoken to Bajpai and Das and both had guaranteed that no further Obstacles would be placed in my way.

The tunnel had been cleared. No trace remained of the truck or of the soldiers on the verge. The road ran empty and we sped through the night, trying to make up for the four hours or so lost' in Singtam. It was well past 10 p.m. when the lights of Gangtok twinkled into view and we drove through slumbering Deolali, past a ring of men in khaki round Kazi's petrol-pump, and up the hill to the chill sweep of the Ridge. We passed cluster of soldiers carrying long staves and enormous wire shields trudging back, and the roads and pavements were littered with debris.

A momentous step in Sikkimese history had been taken while I was delayed. The kingdom had moved a stage nearer annihilation by informally approving Rajagopaul's Government of Sikkim Bill. Das had summoned the assembly, tabkd the document, and invited members "to consider the draft, discuss it and give their views". Instead, they had adopted eight important amendments without any attempt at debate. The most significant change was in section 30' (c) which already enabled legislators to '"seek .participation and representation for the people of. Sikkim in the political institutions of India". Exceeding even Rajagopaul's expectations, the assembly had enlarged the scope of the clause by adding "and parliamentary system of India". The frame for merger was ready. The session also recommended seven other changes, it being agreed that the 15

proposals would be incorporated in a final document that would; then have to be moved and adopted. But what the assembly most emphatically-did not do on 20 June was to enact legislation. Writing to the Chogyal that morning, the PO correctly admitted that "it was the position of the government of India that at this stage the assembly could only consider any document or proposal and express its views on it in the form of a resolution. The decision of the assembly must then be submitted to you for your decision". If the chogyal approved, the document would go back to the assembly as a formal bill which would have to be proposed, seconded, read and adopted, becoming law only on the Chogyal's assent. If he- disagreed, he was to inform New Delhi and the assembly of the changes and alternatives he wished for "and the matter would then be reconsidered by the government of India after consultations with you and the members of the assembly".

But, the impression created was. that there was nothing left to discuss. All details had already been thrashed out, and- the Government of Sikkim Bill, which had been passed by the legislature,, 'was held up only because of the king's unconstitutional last-minute refusal to give his assent. Sikkimese nationalists who angrily paraded the streets of Gangtok were under the misapprehension that a final measure was about to be enacted; six assembly members—Ram Chandra Poudyal, Nanda Kumar Subeidi, Kusu Das, Tasa Tengay Lepcha, Bhuwani Prasad Kharel, and the sole opposition- legislator, Kalzang Gyatso Bhutia—went into hiding to avoid being a party to the kingdom's liquidation. Even Khatiawara, later regretting his role, believed that the measure had become law:

Being MLAs of the present Sikkim assembly and having worked as close associates of Kazi, the conditions under which the Government of Sikkim Act 1974 came into existence can be stated here without hesitation. All our questions with regard to the bill were harshly brushed aside by the chief executive Shri B. S. Das inside the assembly, and by the political officer Shri K. S. Bajpai and his senior staff members outside the house. We were threatended to support the bill or else face the consequences.

He further stated: contd...

# The child in us!

A child resides in all human beings,
No matter how much we pretend.
To act like a grown up, the inner child,
Keeps creeping back with good intent.

It's a great feeling to feel young,
Energetic and enjoy the emotions.
Life is to cherish each momentum,
Undoubtedly it's full of jubilations.

Just like a child wants attention,
Adults also require full appreciation.
Basically humans are a social animal,
Being alone is sometimes irritation.

A Child is not strong & as knowledgeable,
Yet filled with innocence & act selflessly.
Sadly Adults lose it and get corrupted,
Entangled in worldly humdrum ravishly.

One who accepts each situation,
comprehend life's utmost complications.
Is bestowed with kids' innocence,
That's the true winning combination.

Saints and the learned ones proclaim,
To forget the rough and tough incidents.
Practice Acceptance & forgiveness,
The two main virtues are true imminence.



**Madhu Khare**
**(Self-written)**
**Virginia, USA**



# नागरिक अतिक्रमण डरलाग्दो छ

ओलीको दोश्रो सरकारका पालामा प्रस्ताव गरिए झैं जन्मका आधारमा नागरिकता दिने नीति कायम राख्ने हो भने विशाल जनसंख्या भएका भारत र चीनबाट मात्रै प्रसुतीका लागि १ प्रतिशत महिला नेपाल आउन संभव छ। त्यसकारण नेपालका हकमा जन्मका आधारमा नागरिकता दिने प्रावधान समेत खतरनाक छ, राखिनु हुँदैन।

भारतसँग खुला सीमा पद्धति रहेकै अवस्थामा जन्मका आधारमा र आमाको नामबाटमात्रै नागरिकता दिने हो भने विहार, यूपी, पश्चिम बङ्गाल, सिक्किम र उत्तरांचलका भान्जाभान्जी र ज्वाइहरूलाई नागरिकता दिदा मात्र नेपाल अल्पमतमा पर्छ। दुई जनाको सिफारिसका आधारमा नागरिकता दिने, अंगीकृत र जन्मका आधारमा नागरिकता लिएकालाई वंशजको नागरिकता दिने र आज विहे गरेर आजै नागरिता पाउने जस्ता नागरिकतासम्बन्धी नेपाल विरोधी घातक प्रावधानहरू बिना शर्त हटाइनु नै पर्दछ। यस्तो प्रस्ताव गर्ने सबैलाई नेपाली जनताले दण्ड पनि गर्नुपर्छ।

नेपाली विद्यार्थीले जान्ने पर्ने कुरा के हो भने, नेपालमा सर्वप्रथम नागरिकता ऐन २००९ मा मात्रै आएको हो। यद्यपि त्यसअघि भारत जाँदा राहदानी बनाउने नियम थियो। नेपालको संविधान २०१५ मा नागरिकतासम्बन्धी प्रावधान नै थिएन। पञ्चायतकालीन २०१९ को संविधानको भाग २ मा सर्वप्रथम नागरिकतासम्बन्धी प्रावधान राखियो। तदनुरूप २०२० सालमा नागरिकता ऐन आयो। २००९ देखि अहिलेसम्म नागरिकतासम्बन्धी तीनवटा ऐन, सातवटा नियमावली आइसकेका छन्। आठवटा संविधान फेरिएका छन्। यसबीच २०२०को नागरिकता ऐन ६ पटक संशोधन गरियो, २०६३ मा नयाँ बनाइयो। डा. हर्क गुरूंग, धनपति उपाध्याय, महन्थ ठाकुर र जितेन्द्रनारायण देवको संयोजकत्वमा बेग्लाबेग्लै नागरिक आयोग र समिति बने, तर ती सबै नेपालीलाई आँखामा छारो हाल्ने खाले थिए, छन्। पछिल्लो पटक प्रम ओलीको पालाको २०७५को संशोधन पारित भएका खण्डमा, डेढदशकपछि नेपालको सार्बभौमिकता समाप्त हुन्छ। नेपालको बहादुरी, नेपालीत्व, वैदिकत्व र विश्वमा कहिल्यै नदबेको नेपालको इतिहासको अन्त्य हुनेछ। नेपाली अव साबधान हुनैपर्छ।

अर्को एउटा रोचक उदाहरण लिऔं। सूर्यबहादुर थापाले गराएको जनमतसंग्रहमा पञ्चायतपक्षलाई जिताउने आशयले भारतका चोथमल जाटियाको कालोधन ३५० लाख लिएका थिए। त्यसबापत उनले नेपाली नागरिकता पाउने, नेपालमा कटन मील खोल्न इजाजत पाउने र उनीसँग भएको सर्पको छाला विदेश निकासी गर्न पाउनुपर्ने सर्त थियो।' उनले त्यस जनमतसंग्रहमा भारतीय मतदाता ल्याएका थिए। जस्ले २०४६ को परिवर्तनपछि बनेको कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले ती भारतीयलाई नागरिकता उपहार दिने निर्णय गरेका थियो। फलत: २०४७ माघ ११ गतेको मन्त्रिपरिषद्ले २०३६ साललाई आधार वर्ष मानेर जनमत संगहको मतदाता सूचीमा रहेका सबैलाई नागरिकता दिने निर्णय गरेको थियो। सूर्यबहादुर थापाले २०३७ सालको जनमत संग्रहमा मतदाता नामावलीमा समावेश गरेका सबै भारतीयहरूले नेपाली नागरिकता पाएका थिए। त्यसैलाई बलियो बनाउन गिरिजाप्रसादले नागरिकता नियमावली २०२५ खारेज गरी नयाँ २०४९ लागू गरेका थिए। २०५१ मा नेकपा एमाले १६ वर्ष उमेर पुगेका ३४ लाखले नागरिकता पाउन बाँकी रहेको देखाएर थप भारतीयलाई नागरिकता दिइयो। २५ मंसिर २०५२ मा महन्थ ठाकुरको पाँच सदस्यीय नागरिकता आयोग सुझाव समिति, माले गठबन्धन सरकारको २०५३ चैत्रको जितेन्द्र देवको नागरिकता अनुगमन तथा मूल्यांकन समितिहरूको अनुगमन मूल्यांकन अनुसार गठित टोलीले ३४ हजार ९० जनालाई नागरिकता बाँड्यो। जनताले त्यस बिरूद्धको रीटदर्ता गरे। सर्वोच्च अदालतले ८ साउन २०५८ मा गैरकानूनी ठहर गऱ्यो। २०५६ को आम चुनावपछि गिरिजाको सरकारले संसदमा ल्याएको नागरिकता विधेयक प्रतिनिधिसभाबाट पारित भए पनि राष्ट्रियसभामा भएन। तैपनि सरकारले लालमोहरका लागि राजासमक्ष पठायो, राजाले राय लिने भनेर सो विधेयक सर्वोच्चमा पठाइदिए। कोइराला सरकारले २०४६ चैत्रसम्म नेपालमा जन्मेकालाई 'जन्मका आधार'मा नागरिकता दिने निर्णय गरेपछि त्यसलाई अन्तिम पटक भनेर जन्मसिद्ध नागरिकता दिएको थियो। मधेसवादी भन्ने दलहरूले नागरिकतालाई संविधानसभा निर्वाचनमा भाग लिने शर्त बनाएपछि सरकारले टोली खटाएर जन्मको आधारमा नागरिकता बाँडेको थियो। टोलीले बाँडेका २३ लाख नागरिकतामध्ये आधा तराईका २० जिल्लामा बाँडिएको थियो।

सम्बत २०६७ कार्तिकमा निर्वाचन आयोगले परिचयपत्रका आधारमा गैरनेपालीलाई मत दिलाउने निर्णय गर्दा सर्वोच्च अदालतले रोकेको थियो। यसैबीच जन्मका आधारमा मात्र नागरिकता पाएका पौने दुई लाख व्यक्तिका नागरिकता पाउनुअघि नै जन्मेका सन्तानलाई पनि वंशजकै नाताले नागरिकता दिन अन्तरिम संविधान संशोधन गर्न सत्तारूढ माओवादी र मधेसी मोर्चाबीच २०६८ फागुन २५ मा सहमति भयो। २०६३/६४ मा जन्मका आधारमा नागरिकता पाएका व्यक्तिका सन्तानलाई नागरिकता दिने गरी संविधान संशोधन गर्ने सहमति भयो।

२०६२।६३ मा पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ मंसिर १० मा जारी गरेको ऐनले २०४६ चैत मसान्तसम्म नेपाल सरहदभित्र जन्म भएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुने बनाइयो। २०४७ को संविधान निष्क्रय रहेको र अन्तरिम संविधान, २०६३ जारी नभइसकेको अवस्थामा यो ऐन जारी गरिएको थियो। देशमा संविधान निस्कृय रहेको बेला आएको सो ऐन कसको योजनामा ल्याइएको थियो भन्ने कुरा बुझ्न गाह्रो छैन। सम्त् २०६३ कात्तिक २२ गते भएको राजनीतिक सहमतिको आधारमा ऐन जारी गरिएको प्रस्तावनामा उल्लेख छ।

बाबुराम भट्टराई नेतृत्वको सरकारमा गृहमन्त्री विजयकुमार गच्छदारले संवैधानिक प्रावधान विपरीत २०६३/६४ सालमा जन्मेका आधारमा एक लाख ७० हजार भारतीयलाई वंशजका आधारमा नागरिकता दिन २०६८ माघ २६ गते जिल्ला प्रशासन कार्यालयलाई परिपत्र पठाएका थिए। परिपत्रमा '२०६४ सालमा जन्मको आधारमा नागरिकता पाउनेको छोराछोरीलाई वंशजको आधारमा नागरिकता दिनु भन्ने' थियो। सो परिपत्रको झापाका प्रमुख जिल्ला अधिकारी गेहनाथ भण्डारीलगायत अन्य ६ जना प्रजिअहरूले अवज्ञा गरेर ठिक काम गरेका थिए।

निर्वाचन आयोगले २०७० असार २३ गते सूचना प्रकाशन गरी नागरिकता नभएकालाई पनि मतदाता परिचय पत्र दिने गलत निर्णय गऱ्यो। २०७५मा प्रधानमन्त्री केपी शर्मा ओलीले २०७५ भदौ २ गते प्रदेश नं. २ को. प्रदेशसभालाई सम्बोधन गर्दै भनेका थिए -'जन्मसिद्ध नागरिकता प्राप्त गरेका जन्मसिद्ध बाबु-आमाका सन्तानले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने' छन्। जन्मसिद्ध नागरिकता प्राप्त गरेका जन्मसिद्ध बाबु आमाका सन्तानले वंशजको आधारमा नागरिकता प्राप्त गर्न मन्त्रीपरिषद्बाट पारित गरेर संसदमा पठाइसकेका छन्। बाबु वा आमा एकजना नेपाली नागरिक भए पुग्छ। यो प्रस्तावले के संकेत गर्छ भने नेपालमा रैथाने नेपालीलाई अल्पमतमा पार्ने डिजाइनभित्र सबैलाई फसाइन्छ।

वि.सं. २०७५ माघ २८ मा सिरहाको मिर्चैयाको एक सभामा नेकपाका अध्यक्ष प्रचण्डले -'जन्मसिद्ध नागरिकता पाएका व्यक्तिका सन्तानले वंशजको आधारमा नागरिकता पाउने' भनेका थिए। त्यसबेला हिन्दीमा भाषण गरेका प्रचण्डले जन्मसिद्ध नागरिकता पाएकाहरूको सन्तानले त्यही आधारमा वंशजको नागरिकता नपाउनु 'अजुबा' (आश्चर्य) भएको पनि भनेका थिए। यी सबैमा नेपालको ममत्व माय प्रेम छैन, यी दोर्जी समान सिक्किम बनाउन चाहन्छन्।




डा. शास्त्रदत्त पन्त

अर्कातिर कर्मचारीको नागरिकता बेच्ने पसल छ। रतन भण्डारीका अुसार त्यस्ता नागरिकता किन्नेहरूको भारतमा 'नेपाली गाउँ' नै बनेको छ। भारतीय गृहमन्त्री राजनाथ सिंहले नेपालमा एक करोड भारतीय रहेको कुरा सार्वजनिक रूपमै व्यक्त गरेका छन्। नेपालसँगको सीमावर्ती जिल्ला महाराजगंजका ४० गाउँका मात्रै २० हजार भारतीयसँग नेपाली नागरिकता छ।

सुनौलीका गाउँका एक हजारसंग नेपाली नागरिकता छ। महाराजगञ्ज जिल्लाको ८० किलोमिटर सीमा नेपालसित जोडिएको छ। सिद्धार्थनगर, बलरामपुर, बहराइच, गोंडा, श्रावस्ती र लखीमपुरमा समेत थुप्रै भारतीयले नेपाली नागरिकता लिएका छन्। अमेरिकाका राष्ट्रपति ट्रम्पले नागरिकतामा कडाइमात्र गरेका थिएनन, जन्मसिद्ध नागरिकतालाई पनि पुनरावलोकन गरेका थिए। नयाँलाई प्रवेश रोक्न हजारौं किलोमिटरमा पर्खाल लगाउँने निधो गरेका थिए। तर नेपाली दलका नाइकेले देशै विदेशीलाई दिनेगरी नागरिकतामा पुरै अराष्ट्रिय काम गरिरहेकाछन्। अव जागरूक जनसमूहले देश जोगाउनकै लागि पनि दलीय व्यवस्था बदल्ने आवाज उठाइरहेका छन्।

जनसंख्याको अत्यधिकवृद्धिले मुलुकको आर्थिक उन्नतिकोलागि बाधक हुन्छ। नागरिकलाई सबैखाले सेवाहरू सहज र समान रूपले वितरण गर्न सकिदैन। यसै तथ्यलाई मध्यनजर गरेर विभिन्न खाले परिबार नियोजनका कार्यक्रमहरू लागू गरिएको छ। चीन र भारत विश्वकै अत्यधिक जनसङ्ख्या भएका मुलुक हुन्। नेपाल लगायत सार्कका अरू मुलुकमा पनि त्यही अनुपातको जनसंख्या छ। भारतमा इन्दिरागान्धीको प्रधानमन्त्रीत्व कालमा संकटकालीन रूपमा परिबार नियोजन लागू गरिएको थियो भने चीनमा एक परिबार एक शिशुको नीति लागू गरिएको छ। भारतले अरू देशमा छिराएर नागरिक संख्या घटाउने थप योजना पनि बनाएको छ। तदनुरूप नेपालका दलले भारतीयलाई सजिलै छिराउन पाइनेगरी नेपालको नागरिकता ऐन बनाउन शक्तिको दुरूपयोग गरेको छ। नेपाललाई सम्पन्न हुन नदिने योजनामा एक योजना यो पनि हो। त्यसबारे भारतले गराएको ग्यान्ड डिजान तल उल्लेख भए अनुसार पाइन्छ।

# बर्षाको बबाल



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

अतिवर्षाले बबाल मच्चायो। बाढीपहिरोले धेरैको ज्यान लियो, धेरैलाई आपतबिपतमा पाऱ्यो। गुहार गुहार ? अलि काँपेको स्वरमा चिच्याएको आवाज आउँछ। ठूलै विपद्मा परेको भान हुन्छ। लौन के गर्ने बढेको बढे छ। सुन्तली भाउजु हार गुहार गरिरहेकी छिन्। सुन्तली भाउजुले गुहार मागिरहँदा यता उता दाया बायाँ सवै तिर कोलाहल सुनिन्छ। कोही चिच्याउँदै छन्। कोही सहारा मागिरहेका छन्। तर न सुन्ने कोही छ न सहारा दिने।

दले काकाको विछ्यौनासम्म पानी पुगिसकेको छ। ४६ सालको आन्दोलनमा थापाथलीमा जुलुशमा जाँदा बाँसबारी छाला जुत्ता कारखानामा बनेको छालाको बुट अनि नर्कट -कटवासको लाठी खाका कारण दले काका अहिले ओछ्यानमै परेका छन्। पुलिसले ठटाएकै कारण लामो समय उपचार गर्न डाँडा खेत बेचे, लामपाटो बेचे तर निको भएनन्।

काकाको शरीर दिनप्रतिदिन कमजोर वन्दै गयो। उनले गरेको आन्दोलनकै कारण धेरै साथीहरू देश हाँक्ने ठाउँमा पुगे । सत्ता समिरकणमा रमाउने थाले। तर दले काका भए भरको जायजेथा वेचेर उपचार नभएपछि धेरै समय त्यही बबरमहलको पुल छेउ प्लाष्टिकको छाप्रो राखेर वीर अस्पताल आउ जाउ गर्न थाले।

वीर अस्पताल र ववरमहल आउजाउ गर्न पनि उनलाई विस्तारै कठिन हुन थाल्यो। प्रजातन्त्र आएपछि त धेरै सुख होला, जनजीविका सहज होला, काम पाईएला, समाजवाद देखिएला भन्ने आशामा आन्दोलनमा होमिएका दले काकालाई त्यही बबरमहलको छाप्रोबाट पनि लखेटियो। अनि सुन्तली भाउजुको हात समातेर प्लाष्टिक टाँगेको बासका कप्टेरा वोकेर दोभान छेउ बसाइँ सरे।

सँगै राजनीतिमा होमिएकाहरू त्यहीबाटो भएर सिंहदरबार छिर्थे र जनतामाथि शासन गर्ने नियम बनाउँथे। गरिवका नाममा योजना बनाउँथे अनि विदेश शयर गर्थे। दलेकाकाको जीवन केवल भोट बैंकबाट कहिल्यै पनि रूपान्तरण हुन सकेन।

यो बर्षाले ३३ वर्षा कट्यो दले काकाको जीवनमा कहिल्यै परिवर्तन आएन। पटक पटक बाढी आयो तर उनको जीवनमा खुशी आएन। दर्जनौ नेता छान्न मत हाले, मतको कदर भएन। सामाजिक रूपान्तरण गरेर सामन्त प्रथाको अन्त्य हुनु पर्छ भनेर संर्घष गरेका उनी आधुनिक अहिले आधुनिक सामन्तबाट शोषित भएका छन्। घरबार राम्रै भएका दले काका घरवार विहिन बनेका छन्। 'मुर्दावाद' धन्काएका उनी 'सुकुम्वासी जिन्दावाद' मा कठिन जीवन बाँचेका छन्।

आफ्नै शरीरलाई धान्न नसकेर बैगुनी छालाको बुट स्मरण गर्दै रूपान्तरण भएका साँईदुवाहरू सम्झेर आँखाबाट आँशु चुहाईरहेका छन्। बर्षौदेखि ओछ्यान लागेका उनको छाप्रो भित्र रोएको आकाशले बागमतीका आँशु पछारिदिएको छ।

धेरैपछि दलेदाईको छाप्रोमा बागमती आफै भेट्न पुगेको छ। बागमती विरूद्ध सुन्तली भाउजु नारा जुलुश गर्दै सहारा खोजिरहिन्। तर सहारा किन पाइन्थ्यो। बागमतीले छाप्रोलाई चुर्लुम्म पारेको छ। दले काका लम्पसार परेर काठे घाटमा पल्टिएर उठ्न सकेका छैनन। तर बागमती दले काकालाई अंकमाल गर्न खोजिरहेकी छन्। सुन्तली आफ्ना आधा संसारलाई बागमतीले अंकमाल गर्न खोजेपछि चिच्याउने बाहेक केही नै गर्न सकिरहेकी छैनन। बागमती अझै उर्लदैछ।

३३ वर्षदेखि हिमचिम भएको दलेकाकालाई चिन्न नसकेको बागमतीले। हुन न बागमतीले पनि किन छाड्थ्यो र! दले काकाले उ माथि पनि त थिचिमिचो गरे भन्ने दुखेको छ। दुवै विचरा! दले काका भएर पनि सिद्धिएका बागमती सिद्धिएर पनि बेला बेलामा उग्र रूपमा निस्किएका। बागमतीमा राजनीति गर्नेहरूले दले काकाहरूको रूपान्तरण खोज्दै खोजेनन्। बरू दले काकाहरूलाई दलदल मै फसाईरहे ।

ती दले काका वाध्यतामा त्यही बागमतीमा कुक्रिए।

पटक पटक नेता फेरिए, नेतृत्व फेरिए। शासक फेरिए तर बागमतीको राजनीति फेरिएन। शासन सत्ता नै फेर्न सफल भएका दले काकाहरूको अनुहारमा बागमतीले केही नै फेर्न दिएनन। आफूसँगै बर्षौ विताएका दले काकाहरूलाई पानी र हिलोको दलदलमा फसाउने प्रयत्न पटक पटक गरिरह्यो।

जव बागमती उग्र रूप लिन थाल्छ तव सत्तामा बस्ने शासकहरूले आफनो सामन्ती रूप देखाईदिन्छ। एकले अर्कोलाई आरोप लगाउने! कोही क्या वात भन्दै। धाप मार्दै सामन्त बन्न उक्साईरहने! अहिले बागमती निकै रिसाएको छ क्यार दले काकाहरूलाई चुर्लुम्म डुवाएको छ। निमुखाको मुखमा घोचो भने जस्तै भएको छ। गरिवको बोल्दिने को छ र ? सुन्तली काकीहरूको आँशुमा देश द्रोह !

सत्ताका लागि लड्नेहरू दले काका नाममा फेरि लडे जस्तो मात्र गरिरहेका छन्। सामाजिक रूपान्तरण र त्यही सत्ता परिवर्तनका लागि लडेका दले काका ओछ्यान परिरहेका छन्। बागमतीले राम्रैसँग ढाड चिस्याइदिएको छ।

बागमतीले बुझेको छ। तैं माथि राजनीति गर्नेहरूलाई त चिन्छन् नि ? त्यसो भए ती उठ्नै नसक्ने गरी जिँउदो लाश जस्तै लम्पसार परिरहेका दले काकालाई किन डुवाउँछन् ? किन तिनका छाप्रा बगाउँने चेष्टा गर्छस्! बागमती बागमती नै हो, प्रकृति र समयको आवाज कसले बुझ्न सक्छ र ? जहिले जे पनि हुनसक्छ। बागमतीमा पनि धर्म होला। उसले अहिले यो रूप देखाएको छ, फेरि अर्को रूप पनि त देखाउन सक्ला। प्रतिक्षा गरौं, फसाउनेहरूलाई पनि सोत्राम पारेर लैजाला।

बागमती, तँ मा माया छ। सद्भाव छ भने धर्मको पनि ख्याल गर ? दलदल फसेका दले काकाहरूको बस्तीमा हैन। दलदलमा फँसाउनेहरूलाई बगाएर लैजा। यदि सक्दैनस् भने तँ र दले काकाहरूलाई दलदलमा फँसाएर आफ्नो स्वार्थ पूरा गर्न बागमतीमा राजनीति गर्नेमा के फरक भयो र ? यतिबेला यस्तै चिन्तन गरौं।






राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८०-८१
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ साउन ८, July 23, 2024






# को आउने हो, छिटो आउनुपर्‍यो

पुराना राजनीतिज्ञ बालाराम घर्ती मगरले भनेका छन्- म मरेर जाउँला, राजतन्त्र फर्किन्छ, फर्किन्छ । बालारामजस्ता करोडौं छन्, प्रश्न उठ्छ, कहिले ? हिन्दुवादी मन्दिरमा लस्कर देखिन्छन्, हिन्दुधर्म जोगाउन अघि सर्दैनन् । अचम्म छ राजतन्त्रवावदी र हिन्दुवादीहरूको मनोदशा । चाहिन्छ भन्ने अघि नसर्ने ।

गत मंसिर ७ गते दुर्गा प्रसाईको बल्खु आन्दोलनको भोलिपल्टैदेखि राजतन्त फर्किन्छ भन्ने लख काटिएको थियो । त्यसपछि भएका दुर्गा प्रर्सा, केशर बिष्ट, राप्रपा, राप्रपा नेपाल र अन्य हिन्दुवादी, राजतन्त्रवादी गणतन्त्र ढल्छ भन्दैछन् । ढाल्ने र ढल्ने छाँटकाँट देखिदैन । झन जुन ४ को भारतीय निर्वाचन र त्यसपछि बनेको मोदी सरकार र कांग्रेस आई केही बलियो भएपछि त्यताबाट पनि केही हुन्छ भन्न सकिने अवस्था रहेन । असार २८ गते सत्ता गुमाउन पुगेका प्रचण्डले नगरकोटको भगेरी दरवार रिसोर्टमा पूर्वराजासँग भेटवार्ता त गरे, अब केही हुन्छ भन्ने थियो, केही भएन । संसदमा तीतो पोखेर 'हेरौंला' भन्दै बालुवाटारबाट खुमलटार पुगेका प्रचण्ड समाजवादी मोर्चा ब्यूँताउन र शक्ति संचयमा लागेका देखिन्छन् । अर्थात्, जो जेल जानुपर्थ्यो, भ्रष्टहरूको जालो झन झन बाक्लिदै गएको छ । जनता जागेका छन्, बिद्रोही बन्न सकेका छैनन्, जो प्रजातन्त्र र सुशासनका पक्षमा छन्, ती विदेशी ताकत पनि मौन छन् । जनता भने सकसमाथि सकस खेप्न बाध्य हुँदै गएका छन् ।

सरकार बाढीपहिरो पीडिततिर ध्यान दिन छाडेर राज्य सञ्जालमा आआफ्ना मान्छे भर्ती गर्न र राजस्व लुट्न ब्यस्त हुनथालेका छन् । निमुखा, रोगी, भोका, पीडित, अन्यायमा परेका जनतालाई आफ्नै सरकारले, नेताले र प्रकृतिले पनि प्रताडित गरिरहेको छ । आफ्नो शक्ति र सामर्थ्य देखाउन छाडेर सरकारका गृह र अन्य मन्त्रीहरू विदेशी राजदूतहरूसँग हारगुहार मागिरहेका छन्, अर्थात् चाकरीमा ब्यस्त छन् । प्रधानमन्त्रीले देशको हालत आशलाग्दो नभएको जिकिर गरे, यो शासन पद्धतिकै धज्जी उडाइसकेका छन् । यस्ता असक्षमहरूलाई झेल्ने कहिलेसम्म ?

केही स्वनामधन्य विश्लेषकहरू चाँडै परिवर्तन हुन्छ, नेतृत्व लिन दह्रो व्यक्तिको आगमन हुँदैछ भनेर बताइरहेका छन् । यस्ता चिल्ला मीठा कुरा गरेको लामो समय भइसक्यो । त्यो आगमन कहिले हुन्छ ? अत्तोपत्तो छैन । यी सत्ताधारी र संसदका दल तथा नेताहरूले सुशासन दिन्छन् भन्ने रत्तिभर पनि कसैलाई विश्वास छैन । रूस, चीन, भारत र अमेरिकाले सकारात्मक परिवर्तन गर्न सघाउँछन् भनेर आशा गर्नु पनि ब्यर्थ हुनथालिसक्यो । भारत उत्तर प्रदेशका मुख्य मन्त्री योगीले केही सघाउँछन् कि भन्ने थियो, उनको नेतृत्वको सरकार नै धरमरमा परिसकेको छ । अब को आउँछ, नेपालको हित र नेपालीको कल्याण चिताएर अगाडि ? जो बदनाम छन्, भ्रष्टको धब्बा लागेका छन्, त्यस्ताले सरकार गठन गरेका छन्, नेपाली जनता आफै नउठ्ने, बिद्रोह नगर्ने हो भने अस्तित्वको संकटमा फस्यो भन्दा हुन्छ । त्यसै पनि भूराजनीतिको भूमरीमा त परिसकेको छ । जो बदनाम छन्, ती स्वच्छ कहिलिनेछन्, जो डामिएका छन्, ती सबै बाइज्जत बरी हुनेछन् । विदेशीले यिनैलाई मोहरा बनाउने छन् । नेपाल अफगानिस्तान, युक्रेन बनाएरै छाड्ने भए, विश्वको विश्वास गुमाएरै सिध्याउने भए ।

जनताले आशा गरेको पूर्वराजामाथि नै हो । देश र विदेश भ्रमणबाट केही आशलाग्दा छनकहरू देखिएका थिए । छनक देखिन्छन्, मेटिन्छन् । भ्रष्टहरू यही व्यवस्थालाई सृदुढ बनाउँछौं पो भन्न थालेका छन् । विषालुले अमृतलाई पनि विषालु नै बनाउने हो । जनताले विश्वास नगरे पनि कार्यकर्ता र नेताले लूट मच्चाएर सृदृढ बनाउने छन् । नेपाल झन कमजोर हुनेछ । नेपाली झन गरीब बन्नेछन् ।

२४ खर्ब ऋणभार पुगिसक्यो । बजेटमाथि भ्रष्टहरूकै राइँदाइँ चलिरहेको छ । कालोधनका कारण अर्थतन्त्र चौपट छ, रेमिटान्सले कतिञ्जेल धान्ने ? जनता नेता नभए राजाले, राजा पनि नआए सेनाले बचाइदिन्छ भन्ने आशामा छन् । स्थिति यति खराव भइसक्यो कि प्रत्येक नेपालीका सामु बिद्रोह गर्ने कि मर्ने ? भन्ने प्रश्न उठिसकेको छ । बिद्रोहको बिकल्प छैन । जनता मर्नु भनेको राष्ट्र मर्नु हो । राष्ट्र कसरी मर्नसक्छ, राष्ट्र बचाउन भ्रष्ट, कुनियतवालाहरू बिरूद्ध बिद्रोह गर्नैपर्छ । जनताका सामु अर्को उपाय देखिदैन । जनता बिद्रोहमा उत्रनुपर्छ, यसपछि थाहा हुन्छ, जनता र देशको उद्धार गर्न को आउँछ ? जनता छिटो जाग्नुपर्छ, जो आउँछ, छिटो आउनुपर्‍यो ।

सुशासन र अवसरका लागि नीति र नैतिकवान हुनुपर्छ । बहुदल र लोकतन्त्रकालभरि कुनियत राख्नेहरूबाट समृद्धि सम्भव छैन । जनताको आशा मर्नु देश मर्नु हुनेछ ।

**सुर्तीजन्य पदार्थको सेवन नगरौं**

सुर्तीजन्य पदार्थको सेवनले :

- सेवनकर्तालाई प्रत्यक्ष रूपमा,
- परिवारजन एवम् सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्ष रूपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमा समेत नकारात्मक प्रभाव पार्दछ,

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

# यस्तै हुन्छ सुमधुर सम्बन्ध ?




धम्क्याउने कुट्ने, लुट्ने बाहुबली पल्केको धेरै भो
नेपालीत्व झल्कने हिमालको गजुर ढल्केको धेरै भो
खुकुरी उचाल्ने ज्यूँदो वीर सिपाही अझै ब्यूँझेनन्
हेपेर सिमाना सारिरहने सुकेलुतो सल्केको धेरै भो ।

भारतसँग सुमधुरू सम्बन्धका कडीहरू खुस्कदै गएका छन् ।

१८८० किलोमिटर सीमा खुला छ, कुनै नियन्त्रण छैन । खुला सीमा भएकै कारण सबैभन्दा बढी दैनिक आवतजावत गर्ने नेपालीहरू पीडित हुनेगरेका छन् । नेपाल र नेपालीको इज्जतमाथि भारतीय सुरक्षाकर्मीदेखि गुण्डाहरूले दैनिक धावा बोल्ने गरेका छन् । भारतले खुला सीमाको अनधिकृत लाभ लिदै आएको छ । भारतकै पहलमा गठन भएको प्रवुद्ध बर्गको रिपोर्टसमेत भारतले बुझ्न चाहेन । यो समूह नेपाल भारतवीचका समस्याको पहिचान र समाधान सुझाउन गठन गरिएको थियो । यो समूह र तैयार पारेको रिपोर्ट पहिले उत्तरतिर र पछि दक्षिणतिर लिक भयो । कथा बनेर डस्टबिनमा फालिएको अवस्थामा रह्यो ।

भारतले सीमासम्बन्धि अन्तर्राष्ट्रिय नियम कानुनको निरन्तर उल्लंघन गर्दै आएको छ । नेपालको शासन सत्ता चलाउनेहरू यसबारेमा पटक्कै बोल्दैनन् । यिनलाई लागेको छ कि कुरा उठायो भने भारत रिसाउँछ, शासन सत्ता खोसिन्छ ।

यसकारण भारतले सीमामा ब्यारेज बनाएको छ । बाँध, इम्बार्कमेन्टक, लिङ्क बण्डस्, रिङ् ड्याम्स, राजमार्गजस्ता संरचना बनाएको छ । भारततिर अग्लो र नेपालतिर होचो पारिदिनाले वर्षायाममा नेपालका थुप्रै गाउँबस्ती डुबानमा पर्ने गरेका छन् । एक अध्ययन अनुसार तराईका १३ हजार बिगाहसम्म डुबानमा पर्ने गरेका छन् । तराईका २२ जिल्ला स्वतन्त्र हुनुपर्छ भन्ने नेता फेरि मन्त्री बनेको छ । कोही बोल्दैनन्, नेपालले यो भारतीय अतिक्रमण, अन्याय सहिरहेकै छ ।

भारतले भारतको नदी जडान योजनालाई सफल पार्नकै लागि बाँकेमा लक्ष्मणपुर बाँध, कपिलवस्तुमा महलीसागर बाँध, रूपन्देहीमा खुर्दलोटन बाँध, रौतहटमा बलगनियाँ बाँध, सप्तरीमा कुनोली बाँध बनाएको छ । यसबाहेक कोशी र गण्डक बाँधले हरेक वर्षको वर्षायाममा नेपालमा आतङ्क नै मच्चाउने गरेको छ ।



## माओवादी र एमालेको रामकहानी

माओवादी र एमालेको रामकहानी, अजब नेपाल काशी काश्मिरजस्तै छ ।

माओवादी र एमाले, अर्थात प्रचण्ड र केपी ओलीलाई कसले जुटायो, कसले फुटायो, आश्चर्य छ । माओवादीलाई बोकेको कांग्रेसले किन बीचैमा फालेर एमालेसँग मिल्न गयो, यो पनि आश्चर्य नै छ । कसैले उत्तर, कसैले दक्षिणतिर शंका गरेका छन्, परराष्ट्र मन्त्री बनेकी आरजु देउवातिर हेरेर पश्चिमले गठबन्धन फेरेको तर्क पनि गर्छन् ।

त्रिविको जग्गा, ललिता निवासको जग्गा खोज्न थालियो, संलग्नहरू डराए । भुटानी शरणार्थी र गिरिबन्धु काण्डमा मुछिएका अर्का समूह तर्सिए । बाँसवारी र बालमन्दिरका जग्गाका फाइल खुल्नासाथ अर्काथरिको सातोपुत्लो उड्यो । यसपछि देउवा र ओलीले प्रचण्डलाई थाङ्नामा सुताइदिए । पहिलो र दोस्रो दललाई जुटाइदिए । यो बर्गभित्र भारो पश्चिमाले उत्तरलाई सबक सिकाए ।

सत्ताबाट पाहा पछारिएभैं पछारिएका प्रचण्ड भन्छन्- जनताले आफ्नो शक्ति नदेखाए, शासन फेरि माफियाको हातमा जाने खतरा दखियो । हुन त प्रचण्डको पछिल्लो १९ महिने शासन पनि माफियाकरणकै अर्को अध्याय हो । प्रश्न यत्ति छ, उनले सर्वहाराको हकहित रक्षा गर्न सकेनन्, आफै नयाँ सम्भ्रान्त बन्नपुगे । जो सम्भ्रान्त थिए, तिनले अब आफ्नो शक्ति देखाउनु स्वभाविक हुनेछ । यतिबेला प्रधानमन्त्री र परराष्ट्र मन्त्री ओली र डा.आरजु राणालाई प्रश्न सोध्नुपर्छ । संसदबाट पारित भएको र संविधानमा टाँसिएको चुच्चे नक्साको हालत के छ ?

परराष्ट्र मन्त्री बनेकी आरजुले जवाफ दिनुपर्छ- लिपुलेक, लिम्पियाधुरा, कालापानीको हकाधिकार नेपालले कहिले पाउँछ ? कसरी पाउँछ ? भुटानी शरणार्थी बनाएर नागरिक निकासी गर्ने कार्यमाथि दण्ड हुन्छ कि हुन्न ? साझेदार मञ्जु खाणले माफी पाउँछिन कि पक्राउ पर्छिन् । सार्क सम्मेलन के भइरहेको छ ?

आलटाल गर्ने हो भने ओली र आरजु अर्थात एमाले र कांग्रेसप्रति जनतामा आक्रोश झन बढेर जानेछ । मिसन ०८४ सम्म यो गठबन्धन टिक्ने होइन, दुई महिनामै धुजा धुजा त हुँदैन ?

## रास्वपाका नेताहरू के हो मनरो डक्ट्रिन

रास्वपाका डा.स्वर्णिम वाग्लेका अनुसार 'नेपाल भारतको मनरो डक्ट्रिनभित्र पर्छ, सहजै स्वीकार्नुपर्छ ।'

**के हो मनरो डक्ट्रिन ?**

सन १८२० तिर अमेरिकी राष्ट्रपति मनरोले छिमेकी देश क्यानडा, मेक्सिको, क्यारेबियनका सबै मुलुकहरू अनेरिकी एकाधिरका हुनपर्ने भन्ने हो । यसको अर्थ रास्वपाको नीति नै यही हो कि भन्ने अनेक अड्कल चलिरहेका छन् ।

नेपाल सधैं इण्डियन डक्ट्रिनबाट त्रसित छ । ०३७ साल, ०४६ साल, ०६३ सालको परिवर्तन, ०५८ मा दरवार हत्णकाण्ड र ०६५ मा राजतन्त्रको अन्त्यको अन्तर्य पनि इण्डियन डक्ट्रन नै थियो । एकपटक त गुजराल डक्ट्रिनको पनि चर्चा थियो ।



यतिबेला मोदी डक्ट्रिन चलिरहेको छ । कालापानी, लिपुलेक, लिम्पियाधुरा सबै भारतले नक्सामा हालिसक्यो । ६२ भन्दा बढी सीमामा अतिक्रमण गरिसकेको छ । अब स्वर्णिम वाग्लेजस्ता होनहार नेताहरू नेपालै भारतीय छातामुनी राख्नुपर्छ भन्न थालेका छन् । यति हुँदा पनि संसद, सरकार, सडक, पार्टी, नागरिक समाज, बुद्धिजीवी फाँट कतै पनि स्वराजका कुरा सुनिदैन । अचम्म छ ।

के नेपाललाई भारतको हिल्ला लगाउनै खोजेका हुन् त ? जनता सजग हौं । जनता सजग नभए देश संक्रमणबाट संकट उन्मुख हुनथाल्ने देखिन्छ ।

## भ्रष्टलाई देश युवाजति परदेश

नेपालको असली तस्वीर यस्तो छ घर छ, घरभाडा पनि आउँछ । बाबुआमा र छोरो आफै पनि कमाउने छ । आइटी ब्याचलर पास छ । दाजु अष्ट्रेलिया गएको छ । अभाव छैन, जीवन चलेकै छ । यता माइलीदिदीको छोरी अष्ट्रेलिया अर्को हप्ता उड्दैछिन् । छोरोले कन्सन्ल्टेन्सीमार्फत अष्ट्रेलियाको भिसा झार्‍यो । ऊ जाने तैयारीमा छ । २ हप्तापछि घरमा बाबुआमामात्रै हुनेछन् । सन्तान सबै बिदेशमा ।

एक पत्रकारले बताए, एक सफल संस्कृतविद् अमात्यको कथा । दुई छोरा अमेरिकामा, आमा छैनन्, बाबु गएको जेठ महिनामा बिते । छोराहरू तत्काल आउन पाएनन् । खबर पठाए, मिलाएर आउँछौं । बाबुको लाश अस्पतालको फ्रिजमा राखियो । मिलाउँदा मिलाउँदै मंसिर लाग्यो । बाबुको लाश सद्गत्का लागि ७ महिना अस्पतालको फ्रिजमा राखियो । बल्ल छोराहरू आए । सद्गत् गरियो । त्यसको २ महिनाभित्र सबै सम्पत्ति बेचेर छोराहरू बिदेशको घरतिर लागे ।

ज्ञानेश्वरका एक सम्पन्न परिवार । घरभाडा, पेन्सन मनत्र आउँछ । आमा क्यान्सरले मरिन्, बाबु क्यान्सरसँग लड्दै छन् । दुई छोरा अमेरिकामा छन् । यता हेरबिचार गर्ने सन्तान छैनन् । तलवी सहयोगीहरूको भरमा छ जीवन यात्रा ।

सक्नेको कथा यस्तो छ । विदेश सन्तान गएका छैनन् भन्ने घर देख्नै छाडियो । कोर्हा कतार, साउदी, कोही जापान, अमेरिका, अष्ट्रेलिय वा अन्यत्र । पहाड र तराई सबैतिरको कथा यस्तै छ । सहर त सहरै भयो, दर्दनाक छ ।

किन यो अवस्था आयो ? यसबारेमा बहस हुनुपर्दैन ? कहाँ छ चेतना ? छ भने किन बोल्दैन, केही गर्दैन ?

